
# मध्यकालीन खर्च संरचना

## (आ.व. २०८३/८४-२०८५/८६)




# शहिद लखन गाउँपालिका

गोरखा

# विषय सूचि


| शिर्षक | पृष्ठ |
|---|---|
| **परिच्छेद एकः परिचय** | **१** |
| १.१ पृष्ठभूमि | १ |
| १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा | २ |
| १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य | ३ |
| १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु | ३ |
| १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य | ४ |
| १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया | ७ |
| **परिच्छेद दुईः मध्यमकालीन खर्च संरचना** | **१२** |
| २.१ पृष्ठभूमि | १२ |
| २.३ सोच, उद्देश्य तथा रणनीति | १२ |
| २.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य | १३ |
| २.५ गाउँपालिका विकासको रणनीति | १५ |
| २.६ प्राथमिकता | १५ |
| २.७ मध्यमकालीन आर्थिक खाका | १६ |
| २.८ मध्यमकालीन बजेट खाका | १६ |
| **परिच्छेद तीनः आर्थिक विकास क्षेत्र** | **१९** |
| ३.१ कृषि तथा पशुपन्छी | १९ |
| ३.२ पर्यटन | २५ |
| ३.३ सहकारी | २७ |
| ३.४ उद्योग, वाणिज्य तथा आपूर्ति | २८ |
| ३.५ श्रम तथा रोजगारी | ३१ |
| **परिच्छेद चारः सामाजिक क्षेत्र** | **३५** |
| ४.१ स्वास्थ्य तथा पोषण | ३५ |
| ४.२ शिक्षा | ३८ |

| शिर्षक | पृष्ठ |
|---|---|
| ४.३ युवा, खेलकुद तथा नवप्रवर्तन | ४२ |
| ४.४ लैङ्गिक तथा सामाजिक समावेशिता | ४४ |
| **परिच्छेद पाँचः पूर्वाधार क्षेत्र** | **४७** |
| ५.१ सडक तथा यातायात व्यवस्था | ४७ |
| ५.२ खानेपानी तथा सरसफाई | ५२ |
| **परिच्छेद छः वन, वातावरण, विपद्व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र** | **५२** |
| ६.१ पृष्ठभूमि | ५२ |
| ६.२ वन तथा जैविक विविधता | ५३ |
| ६.३ जलाधार तथा भूसंरक्षण | ५४ |
| ६.४ वातावरण तथा फोहोरमैला व्यवस्थापन | ५६ |
| ६.५ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता | ५८ |
| **परिच्छेद सातः संस्थागत विकास तथा सुशासन** | **६०** |
| ७.१ कानून, न्याय तथा सुशासन | ६० |
| ७.२ संगठनात्मक विकास तथा मानव संशाधन | ६२ |
| ७.३ स्रोत परिचालन | ६३ |
| ७.४ तथ्यांक प्रणाली र योजना व्यवस्थापन | ६५ |
| **परिच्छेद आठःअनुगमन तथा मूल्याङ्कन** | **६७** |
| ८.१ सामाजिक क्षेत्र | ६८ |
| ८.२ भौतिक पूर्वाधार | ६९ |
| ८.३ वन वातावरण तथा विपद् व्यवस्थापन | ६९ |
| ८.४ संस्थागत विकास तथा सुशासन | ७० |

# परिच्छेद एक

# परिचय

## १.१ पृष्ठभूमि

मध्ममकालीन खर्च संरचनाले आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच अन्तरसम्बन्ध कायम गरी सार्वजनिक वित्त व्यवस्थापनलाई प्रभावकारी बनाउन सहयोग गर्दछ। आवधिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरू हासिल गर्न सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका हुन्छ। विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन जस्ता विषयहरू सार्वजनिक खर्च व्यवस्थापनका मुख्य अवयवहरू हुन्। यसले स्रोत व्यवस्थापन र अपेक्षित नतिजाको खाका समेत प्रस्तुत गर्दछ।

नेपालमा दशौं योजना देखि नै मध्यमकालीन खर्च संरचना तर्जुमा र कार्यान्वयन गरी प्राथमिकता प्राप्त क्षेत्रमा साधन र स्रोतको विनियोजन गर्ने पद्धतिको शुरुवात गरिएको हो। सामाजिक तथा आर्थिक विकास र समृद्धिका लागि सार्वजनिक वित्त व्यवस्थापनको महत्वपूर्ण भूमिका रहन्छ। यसका लागि साधन स्रोतको विनियोजन कुशलता, कार्यान्वयन दक्षता तथा वित्तीय अनुशासनका तीनै पक्ष उत्तिकै प्रभावकारी हुनुपर्दछ। यी तीनवटै पक्षहरुमा सुधार गर्ने उपाय तथा औजारको रुपमा मध्यमकालीन खर्च संरचनालाई लिइन्छ।

सङ्घीय संरचना अनुरुप अन्तरसरकारी वित्त व्यवस्थापन सम्बन्धी सङ्घीय कानूनले संघ, प्रदेश तथा स्थानीय सरकारले प्रत्येक आर्थिक वर्षमा आ-आफ्नो क्षेत्राधिकार भित्रका विषयहरुमा हुने सार्वजनिक खर्चको अनुमानित विवरण तयार गरी आगामी तीन आर्थिक वर्षमा हुने खर्चको प्रक्षेपण सहितको मध्यमकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था गरेको छ। उक्त विवरणमा वित्तीय ब्यवस्थाका लागि आवश्यक पर्ने रकम सहितको चालु खर्च, पूँजीगत खर्च खुलाउनुपर्ने व्यवस्था रहेको छ। उपरोक्त संवैधानिक तथा कानूनी व्यवस्था अनुसार शहिद लखन गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच सहितको दोस्रो आवधिक योजना अनुसार प्राथमिकताका क्षेत्रमा साधन स्रोतको विनियोजन सहितको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गरिएको छ।

मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य प्राथमिकताका आधारमा सार्वजनिक स्रोतको बाँडफाँट गरी खर्चको प्रभावकारिता बढाउनु हो। मध्यमकालीन खर्च संरचनाले विकास योजनाको लक्षित नतिजा हासिल गर्नको निमित्त उपलब्ध स्रोत साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली,

वित्तीय सुशासन जस्ता पक्षमा सुधार ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ ले संघ, प्रदेश र स्थानीय तहले मध्यमकालीन खर्च संरचना तयार गरी कार्यान्वयन गर्न अनिवार्य गरेको छ।

यस पृष्ठभूमिमा गाउँ कार्यपालिका, विषयगत समिति, कार्यदल, विषयगत शाखा र अन्य सरोकारवालासँग राय परामर्शका साथै उपलब्ध शाखागत सूचना तथा चालु आर्थिक वर्षको वार्षिक कार्यक्रमको उपयोग गरी नेपाल सरकार सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले  तयार गरेको स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) लाई आधार मानी यस दस्तावेज तयार गरिएको छ।

## १.२ मध्यमकालीन खर्च संरचनाको अवधारणा

मध्यमकालीन खर्च संरचना सार्वजनिक वित्त व्यवस्थापनको एक औजार हो जसले सरकारसँग उपलब्ध सीमित स्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ। चालु आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रमको उपलब्धिको आधारमा उत्पादन, रोजगारी, आय र लगानी लगायतका परिसूचक समावेश गरी मध्यमकालीन आर्थिक खाका निर्धारण गरिन्छ। स्थानीय तहलाई संघ तथा प्रदेशबाट प्राप्त हुने अनुदान, राजस्व तथा रोयल्टी बाँडफाट, आन्तरिक आय तथा अन्य स्रोत समेत आंकलन गरी क्षेत्रगत प्राथमिकता अनुरूप विषयगत महाशाखा/शाखा र अन्तर्गतका निकायहरूसँग सम्बन्धित नीति तथा कार्यक्रम कार्यान्वयन गर्न कार्यक्रम तथा आयोजनागत रूपमा खर्चको अनुमान सहितको मध्यमकालीन बजेट खाका तयार गरिएको छ।

मध्यमकालीन खर्च संरचना चक्रीय हिसाबले वार्षिक रुपमा तयार गरिने योजना दस्तावेज हो। यसमा पहिलो आर्थिक वर्षमा बजेटको वास्तविक स्रोत र व्ययको अनुमान हुन्छ भने त्यसपछिका दुई आर्थिक वर्षका लागि स्रोत र खर्चको प्रक्षेपण गरिन्छ। पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि उपलब्धि समीक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन एवम् थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ। यसै सैद्धान्तिक अवधारणालाई अनुशरण गरी यस दस्तावेज तयार गरिएको छ। मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र वस्तुनिष्ठ बनाउन महत्वपूर्ण भूमिका खेल्दछ।

## १.३ मध्यमकालीन खर्च संरचना तयारीको उद्देश्य

मध्यमकालीन खर्च संरचनाको मुख्य उद्देश्य उपलब्ध स्रोत साधनलाई नीति, आवधिक योजना र वार्षिक बजेट तथा कार्यक्रम बीच तालमेल गराई सार्वजनिक खर्च प्रणालीमा सुधार ल्याई वित्तीय अनुशासन कायम गर्नु हो । साथै मध्यमकालीन खर्च संरचनाको तयारीका विशिष्ट उद्देश्य देहायअनुसार रहेका छन् :

(क) आवधिक विकास योजना र वार्षिक बजेट तथा कार्यक्रमबीच तादात्म्यता कायम गरी स्रोत-साधनको विनियोजनलाई उपलब्धिमूलक बनाउन बजेट खाका, नतिजा खाका र वित्तीय खाका तयार गर्नु;

(ख) दिगो विकासलाई टेवा पुर्‍याउने आयोजनाहरूलाई प्राथमिकीकरणका आधारमा स्रोतको सुनिश्चितता गर्नु;

(ग) स्थानीय सरकारलाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य स्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जुमा गर्नु;

(घ) मध्यमकालीन खर्च संरचनालाई दिगो विकासमैत्री बनाई नेपालले निर्धारण गरेका लक्ष्य सन् २०३० सम्ममा प्राप्त गर्न सहयोग गर्नु ।

(ङ) सार्वजनिक खर्चलाई प्रभावकारी एवम् कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

## १.४ मध्यमकालीन खर्च संरचना तर्जुमाका आधारहरु

सार्वजनिक खर्च संरचना तर्जुमा गर्दा संविधानले व्यवस्था गरेका प्रावधानहरु एवं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक, सामाजिक, वातावरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित विभिन्न नीति, ऐन, नियमको कार्यान्वयन तथा दीर्घकालीन योजना, एकीकृत गाउँ विकास योजना, विषयगत रणनीतिक योजना र दिगो विकासको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आवश्यक छ। सो बमोजिम यस मध्मकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित लगायत अन्य पक्षलाई आधार लिइएको छ :

- नेपालको संविधान २०७२
- दिगो विकासका लक्ष्यको अवस्था र मार्गचित्र (२०१५-२०३०)
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- राष्ट्रिय दीर्घकालीन सोच, २१०० तथा संघीय सरकारको सोह्रौं योजना (२०८१/८२-२०८५/८६)
- गण्डकी प्रदेशको दोस्रो आवधिक योजना (२०८१/८२-२०८५/८६)
- शहिद लखन गाउँपालिकाको पहिलो तथा दोस्रो आवधिक योजना
- गाउँपालिकाका अन्य विषय क्षेत्रगत नीति र योजनाहरु

## १.५ मध्यमकालीन खर्च संरचना र दिगो विकास लक्ष्य

दिगो विकास लक्ष्य गरिबीको अन्त्य, समग्र पर्यावरण तथा पृथ्वीको संरक्षण र सबै मानिसको शान्ति एवम् समृद्धि हासिल गर्ने उद्देश्यले संयुक्त राष्ट्र सङ्घको १५औं साधारण सभाद्वारा विश्वको साझा, दिगो र सुरक्षित भविष्यका लागि ग्रहण गरिएको विश्वव्यापी लक्ष्य हो । सहस्राव्दी विकास लक्ष्यमा आधारित रही तर्जुमा गरिएको दिगो विकास लक्ष्यमा सन् २०३० सम्ममा हासिल गर्ने गरी १७ वटा विश्वव्यापी लक्ष्यहरू, १६९ परिमाणात्मक गन्तव्य र २३२ वटा सूचक निर्धारण गरिएका छन् । यी दिगो विकास लक्ष्यहरू सङ्घीय सरकार, प्रदेश सरकार तथा स्थानीय सरकारका काम, कर्तव्य अधिकार तथा दायित्वसँग प्रत्यक्ष, परोक्ष रुपमा सम्बन्धित रहेका छन् । नेपालको दीर्घकालीन सोचः '**समृद्ध नेपाल, सुखी नेपाली**'सँग सम्बन्धित राष्ट्रिय लक्ष्यहरू पनि दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित छन् । यसर्थ पनि सबै तहका सरकारहरूले दिगो विकासको लक्ष्य प्राप्तीमा योगदान गर्नुपर्ने आवश्यकता रहेको छ। यसका अतिरिक्त, दिगो विकास लक्ष्यलाई देशको आवधिक तथा वार्षिक योजनामा समाहित गरी कार्यान्वयन गर्ने प्रतिबद्धता विश्वका अन्य राष्ट्रहरूका साथै नेपालले पनि व्यक्त गरेको सन्दर्भमा दिगो विकास लक्ष्यको कार्यान्वयन नेपालको अन्तर्राष्ट्रिय प्रतिबद्धताका रुपमा पनि रहेको छ।

स्थानीय सरकारहरू नागरिकका समस्या सम्बोधनमा प्रत्यक्ष संलग्न हुने तथा नागरिकहरूसँग प्रत्यक्षरुपमा जोडिएका हुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय सरकारको भूमिका अझ बढी महत्वपूर्ण रहेको छ। उदाहरणका लागि सबै क्षेत्रबाट सबै किसिमका गरिबीको अन्त्य गर्नु दिगो विकास लक्ष्य-१ हो; यो लक्ष्य हासिल गर्ने सन्दर्भमा गरिबीमा रहेको जनसङ्ख्याको पहिचान गर्न र स्रोत तथा सार्वजनिक वित्तलाई सम्बन्धित व्यक्ति/समुदायसम्म केन्द्रित गर्न स्थानीय सरकारको भूमिका तुलनात्मक रुपमा बढी प्रभावकारी हुने भएकाले दिगो विकास लक्ष्य हासिल गर्न स्थानीय सरकारहरूको भूमिका अहम् छ। नागरिकहरूसँग प्रत्यक्ष जोडिनुका अतिरिक्त संवैधानिक अधिकार र जिम्मेवारीका हिसाबले पनि दिगो विकास लक्ष्य प्राप्तीमा स्थानीय तहहरूको भूमिका महत्वपूर्ण छ । सेवा प्रवाह र स्थानीय पूर्वाधार विकासलगायतका कार्यजिम्मेवारी स्थानीय तहको कार्यक्षेत्रमा पर्ने भएकोले दिगो विकास लक्ष्य हासिल गर्न यसको स्थानीयकरण गर्ने महत्वपूर्ण अभिभारा स्थानीय तहमा रहन गएको छ। साथै, सरकारको एकल प्रयासले मात्र पनि दिगो विकास लक्ष्य हासिल गर्न सम्भव छैन । यसका लागि निजी क्षेत्र, गैरसरकारी क्षेत्र, नागरिक समाज, समुदाय, विकास साझेदार लगायत विकास साझेदारहरु बीचमा साझेदारी हुनु पनि उत्तिकै जरुरी छ।

दिगो विकास सम्बन्धित राष्ट्रको आर्थिक तथा सामाजिक विकास र वातावरण संरक्षणको एकीकृत अवधारणा भएकाले सदस्य राष्ट्रले दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण वा स्थानीयकरण गर्नु आवश्यक छ । अन्तर्राष्ट्रियस्तरमा सहमती भएका विकासका मुद्दामा सरकारको जिम्मेवारी पूरा गर्ने यो एउटा मुख्य माध्यम समेत हो । नेपालले चौधौं योजनादेखि नै दिगो विकास लक्ष्यलाई आन्तरिकीकरण गरिरहेको छ, जसअनुसार आयवृद्धि, गुणस्तरीय मानवीय पूँजी निर्माण र आर्थिक जोखिमको न्यूनीकरण गर्दै वि.सं. २०७९ सम्ममा अति कम विकसित देशबाट विकासशील देशमा स्तरोन्नति गर्ने र वि.सं. २०८७ सम्ममा दिगो विकास लक्ष्य हासिल गर्दै उच्च मध्यम आयस्तर भएको मुलुकमा स्तरोन्नति हुने गरी दीर्घकालीन लक्ष्य लिइएको थियो । सङ्घ, प्रदेश तथा स्थानीय स्तरमा आवधिक योजना तर्जुमा गर्दा दिगो विकास लक्ष्यहरूलाई साङ्केतीकरण गरी सम्बन्धित योजनाले दिगो विकास लक्ष्य प्राप्तीमा पुऱ्याउने योगदानको आँकलन गरी समग्र विकास उपलब्धीलाई दिगो विकासका लक्ष्य प्राप्तीतर्फ उन्मूख गराउने प्रयास हुँदै आएको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनलाई प्रभावकारी र व्यवस्थित बनाउन प्रदेश तथा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन (नमूना) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ । यसका अलावा, दिगो विकास लक्ष्य कार्यान्वयनलाई अझ प्रवलीकरण गर्न दिगो विकास लक्ष्य अनुकूलको स्थानीय आवधिक योजना तर्जुमा, दिगो विकास लक्ष्य अनुरुपको मध्यमकालीन खर्च संरचना, वार्षिक कार्यक्रम तथा बजेट तर्जुमा, दिगो विकास लक्ष्य प्राप्तिका लागि चालु तथा पुँजीगत खर्चको व्यवस्थापन, दिगो विकास लक्ष्य कार्यान्वयनको अनुगमन तथा मूल्याङ्कन र दिगो विकास लक्ष्य प्राप्तिका लागि समन्वय, सहकार्य तथा साझेदारीको आवश्यकता रहेको छ।

सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्य प्राप्तीतर्फ उन्मुख हुने गरी लगानी गाउँसम्म दिगो विकासको अपेक्षित उपलब्धी हासिल नहुने भएकाले दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको अहम् भूमिका रहेको छ। यसर्थ, स्थानीय तहहरूले दिगो विकास लक्ष्य प्राप्तीमा योगदान गर्न सार्वजनिक वित्तलाई दिगो विकास लक्ष्यका प्राथमिकताप्राप्त क्षेत्रमा लगानी गर्नु आवश्यक हुन गएको छ। लगानीबिना दिगो विकास लक्ष्य प्राप्त हुन नसक्ने र सामाजिक, आर्थिक, भौतिक विकास र वातावरण संरक्षणमा लगानीको मुख्य स्रोत सार्वजनिक वित्त भएकाले स्थानीय तह लगायत प्रदेश र सङ्घस्तरमा समेत दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक वित्तको मुख्य भूमिका रहेको छ। दिगो विकास लक्ष्यको कार्यान्वयनका लागि वार्षिक रुपमा नेपाललाई औसत रु. २०२४.८ अर्ब आवश्यक पर्ने र यसको ५४.८ प्रतिशत सार्वजनिक क्षेत्र, ३६.५ प्रतिशत निजी क्षेत्र, ४.४ प्रतिशत घरपरिवार र ४.३ प्रतिशत सहकारी तथा गैरसरकारी क्षेत्रबाट योगदान हुने प्रक्षेपण गरिएको छ। यस आँकडाबाट पनि दिगो विकास लक्ष्य प्राप्तीमा सार्वजनिक क्षेत्र तथा सार्वजनिक वित्तको भूमिका अहम् रहेको देखिन्छ।

सबैजसो दिगो विकास लक्ष्यहरू स्थानीय सरकारका कानुनी कार्यजिम्मेवारीभित्र र जनअपेक्षालाई संवोधन गर्ने किसिमका रहेका छन् । दिगो विकास लक्ष्य-१ (शून्य गरिबी), लक्ष्य-२ (भोकमरीको अन्त्य), लक्ष्य-८ ( मर्यादित काम तथा आर्थिक बृद्धि) र लक्ष्य-१० (असमानताको न्यूनीकरण) सँग जोडिएका छन् । संविधानले स्थानीय तहहरूलाई स्थानीय बजारको व्यवस्थापन, कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, सहकारी जस्ता स्थानीय आर्थिक विकासको जिम्मेवारी प्रदान गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले लघु, घरेलु तथा साना उद्योगको दर्ता तथा नियमनसम्बन्धी र स्थानीय संघ संस्था दर्ता, नियमन र परिचालनको जिम्मेवारी प्रदान गरेको छ। यसर्थ, स्थानीय सरकारका उक्त जिम्मेवारीहरू दिगो विकास लक्ष्य १, लक्ष्य २, लक्ष्य ८ र लक्ष्य १० सँग सम्बन्धित छन् ।

स्थानीय सरकारको अर्को महत्वपूर्ण कार्यक्षेत्र सामाजिक विकासको क्षेत्रमा स्थानीय तहको क्षेत्राधिकारभित्र चारवटा प्रमुख क्षेत्र पर्दछन् । यसमा आधारभूत तथा माध्यमिक शिक्षा, आधारभूत स्वास्थ्य सेवा, खानेपानी तथा सरसफाई, लैंगिक समानता तथा सामाजिक समावेशिता जस्ता पक्षहरू रहेका छन् । सामाजिक विकाससँग दिगो विकास लक्ष्यका चारवटा लक्ष्य, लक्ष्य-३ (स्वस्थ जीवन), लक्ष्य-४ (गुणस्तरीय शिक्षा), लक्ष्य-५ ( लैंगिक समानता) र लक्ष्य-६ (स्वच्छ खानेपानी तथा सरसफाइ) का लागि आवश्यक बजेटको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचनाको महत्वपूर्ण भूमिका रहेको छ।

स्थानीय तहको अर्को कार्यक्षेत्र पूर्वाधार विकासतर्फ दिगो विकास लक्ष्य-९ (उद्योग, नवीनता एवम् पूर्वाधार), लक्ष्य ११ (दिगो शहर तथा समुदाय) र लक्ष्य ७ (धान्न सक्ने र सफा ऊर्जा) पर्दछन् । वातावरणीय दिगोपनाको सन्दर्भमा दिगो विकास लक्ष्य-१२ दिगो उत्पादन तथा उपभोग तथा उत्पादनप्रति जवाफदेहिता), लक्ष्य-१३ जलवायुसम्बन्धी कार्य), र लक्ष्य-१५ (जमिनमाथिको जीवन) जोडिएका छन् । यसरी, दिगो विकास लक्ष्य र स्थानीय सरकारका कार्यक्षेत्रमा ठूलो हदसम्म समानता रहेको छ। स्थानीय सरकारले आफ्नो प्राथमिकताका आयोजना तथा कार्यक्रममा स्रोतको सुनिश्चितता गर्न मध्यमकालीन खर्च संरचना तर्जुमा गर्नुपर्ने कानुनी अनिवार्यता हुनु र स्थानीय सरकारका प्राथमिकताका क्षेत्रहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित हुने भएकाले दिगो विकास लक्ष्य र मध्यमकालीन खर्च संरचनाबीच पनि प्रत्यक्ष सम्बन्ध रहेको छ।

उपर्युक्त पृष्ठभूमिमा यस मध्यमकालीन खर्च संरचनालाई पनि दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ । यसका लागि दिगो विकासका लक्ष्य तथा सूचकहरू र यस मध्यमकालीन खर्च संरचनाको लक्ष्य तथा

सूचकहरूबीच अधिकतम सामञ्जस्यता/एकरुपमा कायम गर्ने प्रयास छ। यसमा प्रस्तुत आर्थिक खाका तथा नतिजा खाकामा प्रस्तुत सबै सूचकहरूले प्रत्यक्ष वा परोक्ष रुपमा दिगो विकास लक्ष्यका सूचकहरूलाई कुनै न कुनै रुपमा योगदान गर्दछन् । यस मध्यमकालीन खर्च संरचनामा प्रस्तुत विषय उपक्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिहरू प्रत्यक्ष वा परोक्षरुपमा दिगो विकास लक्ष्यलाई नै योगदान पुऱ्याउनेखालका रहेका छन् । समस्या चुनौतीहरूको विश्लेषण गर्ने क्रममा दिगो विकास लक्ष्य हासिल गर्नमा रहेका समस्या चुनौतीहरूलाई पनि आवश्यकताअनुसार विश्लेषण गरिएको छ। दिगो विकास लक्ष्य प्राप्तीमा योगदान पुऱ्याउने आयोजना तथा कार्यक्रमहरू र दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित क्षेत्रलाई प्राथमिकीकरण गरी लगानीको सुनिश्चितता गर्ने कार्यलाई पनि यस मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा विशेष ध्यान दिइएको छ। समग्रमा यस शहिद लखन गाउँपालिकाको मध्यमकालीन खर्च संरचनालाई अधिकतम रुपमा दिगो विकास लक्ष्यमैत्री बनाउने प्रयास गरिएको छ।

## १.६ मध्यमकालीन खर्च संरचना तर्जुमा विधि तथा प्रक्रिया

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित), स्थानीय तहको बजेट तथा कार्यक्रममा दिगो विकास लक्ष्यको साङ्केतीकरण श्रोत पुस्तिका, २०७९ र स्थानीय तहको दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गर्न सहयोगी श्रोत पुस्तिका, २०७९ लाई आधारमानी यो दिगो विकास लक्ष्यमैत्री मध्यमकालीन खर्च संरचना तयार गरिएको छ। मध्यमकालीन खर्च संरचना तर्जुमामा निम्न बमोजिमको चरण तथा प्रक्रिया अबलम्बन गरिएको छ :

**चरण-१: तयारी चरण**

***प्रक्रिया १: प्राविधिक सहयोगका लागि टोली परिचालन***

मध्यमकालीन खर्च संरचना तयारीमा सहजीकरण गर्न परिचालित हुने प्राविधिक सहयोग टोली गठन गरी अभिमूखीकरण गरियो । अभिमूखीकरणमा मध्यमकालीन खर्च संरचनाको अवधारणा, तयारी प्रक्रिया ढाँचा एवं औजारहरूको सम्बन्धमा प्राविधिक सहयोग टोलीका सदस्यहरूबीच समान बुझाइ कायम गरियो । साथै यस अभिमूखीकरण कार्यक्रममा समय सीमा, सम्पन्न गर्नुपर्ने कार्य, गाउँपालिका र परामर्शदाताको जिम्मेवारी स्पष्ट गरी परिचालन गरियो।

**प्रक्रिया २: नीतिगत, कानूनी दस्तावेज, दिग्दर्शन एवं अन्य उपयोगी सन्दर्भ सामग्री संकलन तथा समीक्षा**

प्राविधिक सहयोग टोलीद्धारा स्थानीय तहको योजना, श्रोत प्रक्षेपण र सार्वजनिक वित्त व्यवस्थापनसँग सम्बन्धित नीति, कानून, दिग्दर्शन र कार्यविधि लगायतका सान्दर्भिक दस्तावेज संकलन एवं अध्ययन गरियो। दस्तावेजहरुको अध्ययनबाट मध्यमकालीन खर्च संरचना तयारीका सन्दर्भमा व्यवस्था गरिएका महत्वपूर्ण तथा सान्दर्भिक विषय वस्तुहरु पहिचान गरियो। मध्यमकालीन खर्च संरचना तर्जुमा क्रममा निम्न बमोजिम सन्दर्भमा सामाग्रीहरु अध्ययन एवं समीक्षा गरियोः

- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- अन्तर सरकारी वित्तव्यवस्थापन ऐन, २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ तथा नियमावली, २०७७
- अन्तर-सरकारी वित्तीय हस्तान्तरण कार्यविधि
- नेपाल सरकार तथा प्रदेश सरकारको वित्तीय हस्तान्तरणको अभ्यास
- नेपाल सरकार, प्रदेश सरकार एवं सम्बन्धित स्थानीय सरकारको वित्तीय ऐनहरु
- नेपाल सरकारको क्षेत्रगत नीति, कानून, मार्गदर्शन र मापदण्ड
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८ (परिमार्जित)
- स्थानीय सरकारको बजेट तथा योजना तर्जुमा हाते किताब, २०७९
- नेपाल सरकारको दीर्घकालीन सोच, सोह्रौं राष्ट्रिय योजना, प्रदेशका योजनाहरु
- शहिद लखन गाउँपालिकाको गाउँ विकास योजना तथा विषय क्षेत्रगत नीति र योजनाहरु

**प्रक्रिया ३: मध्यमकालीन खर्च संरचनाको ढाँचा, औजार र कार्ययोजना तर्जुमा**

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तयारी सम्बन्धी दिग्दर्शनमा उल्लेखित विधि, औजार एवं कार्ययोजना सम्बन्धमा गाउँपालिकामा प्रारम्भिक बैठकको आयोजना गरी छलफल गरियो। यस बैठकमा गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत, विभिन्न महाशाखा/शाखाका प्रमुखहरु लगायतको उपस्थिति रहेको थियो। बैठकमा भएको छलफलका आधारमा मध्यमकालीन खर्च संरचना तयारी विधि तथा प्रक्रिया औजार र दस्तावेजको ढाँचाको प्रस्ताव तयार गरियो। साथै, बैठकमा आएका सुझाब र पृष्ठपोषणका आधारमा मध्यमकालीन खर्च संरचना तयारी कार्ययोजना तर्जुमा र परिमार्जन गरियो।

**चरण-२: लेखाजोखा चरण**

***प्रक्रिया ४: अभिमूखीकरण तथा प्रारम्भिक कार्यशालाको आयोजना***

मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियाको सम्बन्धमा साझा बुझाइ तयार गर्ने उद्देश्यले एक दिने अभिमूखीकरण कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा गाउँपालिकाका विषयगत शाखाको कर्मचारीको सहभागिता रहेको थियो । कार्यशालामा मध्यमकालीन खर्च संरचना सम्बन्धी अवधारणा, कानूनी आधार, विधि तथा प्रक्रिया औजार, संस्थागत व्यवस्था र कार्ययोजना प्रस्तुति गरी यस सम्बन्धमा स्पष्टता तथा बुझाईमा एकरुपता कायम गरियो । मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल गठन तथा कार्य योजनाको स्वीकृति र यस सम्बन्धमा स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति, विषयगत समिति, कार्यदल र विषयगत शाखाको जिम्मेबारी तथा भूमिका समेत स्पष्ट गरियो ।

### *प्रक्रिया ५: विषयगत समिति तथा शाखाहरुसँग परामर्श तथा छलफल*

विषयगत रणनीतिक योजना, गाउँ विकास योजना र वार्षिक योजनाको उपलब्धि समीक्षाका लागि विषयगत समितिहरुसँग छलफल गरियो । यस छलफलबाट विषयगत समिति तथा शाखाका प्रमुख उपलब्धि, चालु आयोजना, सालबसाली आयोजना तथा कार्यक्रम, विस्तृत आयोजना प्रतिवेदन तयार भएका आयोजना तथा सम्भाव्यता अध्ययन र लागत अनुमान भएका आयोजना र कार्यक्रमहरुको विवरण संकलन गरियो । सो छलफलबाट विषय क्षेत्रगत योजनाको सूची तयार र हरेक आयोजनाको उप-क्षेत्रगत रुपमा श्रोत आवश्यकता निर्धारण गरियो ।

### *प्रक्रिया ६: श्रोत तथा खर्चको अनुमान र त्रिवर्षिय प्रक्षेपण*

अन्तर-सरकारी वित्तीय हस्तान्तरण, राजस्व बाँडफाँड लगायतका विभिन्न श्रोतबाट उपलब्ध हुने रकमलाई विगत आर्थिक वर्षहरुको श्रोतको उपलब्धताका आधारमा तथा आन्तरिक श्रोतलाई राजस्व सुधार कार्ययोजनाका आधारमा आगामी तीन आर्थिक वर्षको श्रोत अनुमान तथा प्रक्षेपण गरियो । विगत आर्थिक वर्षहरुको खर्च सहित गाउँ गौरवका आयोजना, चालु तथा बहुवर्षीय आयोजना र एकीकृत गाउँ विकास योजना, विषयगत क्षेत्र रणनीति र गुरुयोजना अनुसारका प्राथमिकता प्राप्त आयोजनाको कार्यान्वयनमा आवश्यक पर्ने श्रोतलाई मध्यनजर गरी खर्चको अनुमान तथा प्रक्षेपण गरियो । श्रोत तथा खर्च प्रक्षेपणका आधारमा तीन वर्षको विषय क्षेत्र तथा उपक्षेत्रगत बजेट सीमा निर्धारण गरियो । यसरी तयार गरिएको बजेट सीमालाई सबै विषयगत महाशाखा र शाखामा क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि उपलब्ध गराइयो ।

**चरण–३: तर्जुमा चरण**

***प्रक्रिया ७: क्षेत्रगत योजना तर्जुमा***

विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचना तयारीका लागि विषयगत शाखासँग छलफल तथा बैठक गरियो विषयगत महाशाखा/शाखा/एकाइका कर्मचारी तथा विषयगत समितिका पदाधिकारीहरुको सहभागिता रहेको छलफलबाट प्रत्येक उप-क्षेत्रका आगामी तीन वर्ष सञ्चालन गरिने आयोजना तथा कार्यक्रको पहिचान गर्ने, प्राथमिकता निर्धारण गर्ने, लागत अनुमान यकिन गर्ने र आगामी तीन आर्थिक वर्षको लागि स्रोत आवश्यकता निर्धारण गर्नुका साथै स्थानीय रणनीतिक स्तम्भ, प्राथमिकताक्रम, दिगो विकास लक्ष्य, लैंगिक तथा जलवायु संकेतका आधारमा कार्यक्रम तथा आयोजना तथा उप-क्षेत्रको सांकेतीकरण गरियो ।

***प्रक्रिया ८: विषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको दस्तावेज तयारी***

उपलब्ध बजेट सीमा तथा मार्गदर्शनका आधारमा विषयगत महाशाखा/शाखा/एकाइ सँग छलफल गरी उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयार गरियो । यसरी तयार गरिएको उप-क्षेत्रगत मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचना तयार गरियो ।

***प्रक्रिया ९: मध्यमकालीन खर्च संरचनाको मस्यौदा तयारी***

निर्धारित ढाँचामा विषयगत क्षेत्रका मध्यमकालीन खर्च संरचनालाई एकीकृत गरी मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा दस्तावेज तयार गरियो । यस क्रममा मध्यमकालीन खर्च संरचना तर्जुमा कार्यदल र बजेट तथा कार्यक्रम तर्जुमा समितिसँग राय परामर्श गरियो । त्यसैगरी मध्यमकालीन खर्च संरचना तर्जुमाका क्रममा एकीकृत  गाउँ विकास योजना, विषयगत क्षेत्र मध्यमकालीन खर्च संरचनाको विवरण, विषयगत क्षेत्र योजना र वार्षिक विकास कार्यक्रम समीक्षाबाट प्राप्त उपलब्धि विवरण तथा क्षेत्रगत रणनीतिक र गुरुयोजनाको परिमाणात्मक लक्ष्यलाई आधार लिइएको थियो । यस दस्तावेजमा स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) को व्यवस्था बमोजिम समष्टिगत मध्यमकालीन वित्तीय खाका, मध्यमकालीन नतिजा खाका र मध्यमकालीन बजेट खाका साथै विषयत क्षेत्रको स्थिति, नतिजा खाका, वित्तीय योजना र कार्यक्रम/आयोजनाको सारंस तयार गरि प्रस्तुत गरिएको छ ।

**चरण-४: स्वीकृति चरण**

***प्रक्रिया १०: मध्यमकालीन खर्च संरचनाको मस्यौदा प्रस्तुति, छलफल तथा सुझाव संकलन***

उल्लिखित विधि प्रक्रियाबाट तयार गरिएको मस्यौदा दस्तावेज प्रस्तुति तथा छलफल गरी आवश्यक सुझाव संकलन गर्ने उद्देश्यले गाउँपालिकामा अन्तरक्रिया कार्यक्रम गरिएको थियो। उक्त कार्यक्रममा प्रमुख प्रशासकीय अधिकृत, महाशाखा तथा शाखा प्रमुखहरु तथा सम्बद्ध अन्य कर्मचारीहरुको सहभागिता थियो । उक्त कार्यक्रममा मस्यौदा प्रतिवेदनका मुख्य पक्षहरुमा प्रस्तुति तथा छलफल गरी आवश्यक थप सूचना तथा तथ्यांक संकलनका साथै विषयगत क्षेत्र तथा उपक्षेत्रगत मुख्य कार्यक्रम तथा आयोजनाहरुको विस्तृत विवरण तयार गरियो । त्यसैगरी विषय उपक्षेत्रगत कार्यक्रम तथा आयोजनाहरुको प्राथमिकिकरण तथा सांकेतीकरणलाई समेत अन्तिम रुप प्रदान गरियो।

***प्रक्रिया ११: मध्यमकालीन खर्च संरचनाको अन्तिम मस्यौदा तयारी***

मस्यौदा प्रस्तुती तथा छलफल कार्यक्रमका साथै विभिन्न महाशाखा/शाखाहरुबाट प्राप्त सुझावहरु तथा दस्तावेजमा अपुग भएका आवश्यक सूचना तथा तथ्यांकहरु विभिन्न शाखाहरुबाट संकलन तथा समावेश गरी मध्यमकालीन खर्च संरचनाको यो अन्तिम मस्यौदा तयार गरिएको छ।

***प्रक्रिया १२: मध्यमकालीन खर्च संरचनाको स्वीकृति***

उपरोक्त चरण र प्रक्रिया अनुसार तयार भई बजेट तथा कार्यक्रम तर्जुमा समितिबाट पेश भएको मध्यमकालीन खर्च संरचना उपर कार्यपालिकामा आवश्यक छलफल र स्वीकृति पश्चात अनुमोदनका निमित्त गाउँ सभामा पेश गरी स्वीकृत गरियो।

# परिच्छेद दुई

# मध्यमकालीन खर्च संरचना

## २.१ पृष्ठभूमि

नेपाल सरकारले घोषणा गरेको '**समृद्ध नेपालः सुखी नेपाली**'को दीर्घकालीन सोच अनुरुप तयार चालु सोह्रौं योजना, गण्डकी प्रदेश सरकारको दोस्रो आवधिक योजना र गाउँपालिकाको पहिलो तथा दोस्रो आवधिक विकास योजनाका नीति तथा कार्यक्रमलाई यस दस्तावेजमा समेट्ने प्रयास गरिएको छ। योजना तथा विकास उपलब्धिको सफलता वित्तीय सङ्घीयताको कुशल व्यवस्थापन, तीव्र आर्थिक वृद्धि एवम् विकास कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा निर्भर रहन्छ । मध्यमकालीन खर्च संरचनाले यसतर्फ गाउँपालिकालाई मार्गदर्शन गर्नेछ ।

आर्थिक वर्ष (२०८३/८४-२०८५/८६) का लागि तुर्जुमा गरिएको यस मध्यमकालीन खर्च संरचनाले तीनै तहका सरकारहरुका योजनाहरुको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता तथा गाउँपालिकाको घोषणा, प्रतिवद्धता, विगत आर्थिक वर्षका वार्षिक नीति तथा कार्यक्रम र दिगो विकास लक्ष्यको मार्गचित्रलाई मुख्य आधारका रुपमा लिइएको छ। गाउँपालिकाका तुलनात्मक लाभका क्षेत्रहरु, प्राथमिकता तथा विकास कार्यक्रम र स्थानीय तहको अधिकार क्षेत्रभित्र संलग्न कार्यसूची अनुसारका कार्यक्रम तथा आयोजनालाई यस संरचनामा समेटने प्रयास गरिएको छ।

## २.२ चूनौती तथा अवसर

संविधान प्रदत्त २२ वटा एकल अधिकार र संघ प्रदेश र स्थानीय तहका १५ वटा साझा अधिकारलाई पूर्ण रुपमा कार्यान्वयन गर्न गाउँपालिकासँग पर्याप्त कानून तथा नीतिहरु तयार गर्नु आवश्यक हुन्छ । संविधानले प्रत्याभूत गरेका मौलिक हक र संविधान प्रदत्त अधिकारको कार्यान्वयन, दिगो विकास लक्ष्य, सोह्रौं योजना, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना र गाउँपालिकाको आवधिक योजनाले राखेका लक्ष्य तथा उद्देश्य हासिल गर्न वित्तीय सङ्घीयतको मर्म अनुरुप स्थानीय तहको जिम्मेवारी पुरा गर्न साधन स्रोतको अनुमान, प्राथमिकताका क्षेत्रमा लगानी, मानव संशाधन र संस्थागत क्षमता अभिवृद्धि गर्नु र स्थानीय सरकारमा उपलब्ध सार्वजनिक खर्चको कुशल, समन्यायिक र नतिजामूलक व्यवस्थापन गरी विनियोजन दक्षता, कार्यान्वयन कुशलता र प्रभावकारी वित्तीय अनुशासन कायम गर्नुलाई प्रमुख चूनौतिको रुपमा लिएको छ । यसै गरी

प्राकृतिक प्रकोप, कृषि र पशुजन्य व्यवसायिकताको अभाव तथा यस क्षेत्रमा आवद्ध जनशक्तिमा कमी, पूर्वाधारको अभाव, पर्यटन पूर्वाधार तथा सूचना केन्द्रको अभाव, विद्यालयहरुमा गुणस्तरीय तथा प्राविधिक शिक्षाको पहुँचमा कमी हुनु, विपन्न वर्गमा स्वास्थ्य सेवाको सहज पहुँच हुन नसक्नु, भौतिक संरचनाहरु अपाङ्ग मैत्री नहुनु, बाल विवाह, जातीय छुवाछुत कायमै रहनु, कतिपय वस्तीहरुमा खानेपानीको पहुँचमा कमी, गाउँ सरसफाईका लागि फोहोर वर्गीकरण तथा प्रशोधन विधि नअपनाउनु र खेल मैदानहरुको पूर्वाधार विकास पर्याप्त नहुनु चूनौतिपूर्ण रहेका छन् ।

गण्डकी प्रदेश अन्तर्गत गोर्खा जिल्लामा पर्ने शहिद लखन गाउँपालिका नेपालका उच्च कृषि (खास गरी फलफूल) उत्पादकत्व भएका क्षेत्रहरु मध्ये एक हो । तसर्थ व्यावसायिक कृषि तथा पशुपालन यहाँको प्रमूख सम्भावना भएको क्षेत्र हो । अर्को तर्फ नेपालका प्रमुख शहरहरुमा सहज पहुँच प्राप्त यो गाउँपलिकाका लागि पर्यटन क्षेत्रको विकासको सम्भावना तथा अवसर दुवै छ । अर्को तर्फ जैविक विविधता तथा जलाधार युक्त क्षेत्रको प्रवर्द्धनबाट गाउँपालिकाले धैरै लाभ लिन सक्ने देखिन्छ ।

सङ्घीय शासन प्रणाली अनुसार तीनै तहमा निर्वाचित सरकारहरु क्रियाशिल हुनु, नीति, कानून, योजना र मापदण्ड निर्माण भई कार्यान्वयनमा जानु, स्थानीय सरकारहरु बीच दिगो विकासका कार्यहरु क्रमशः कार्यान्वयन हुँदै जानु अहिलेका प्रमुख अवसरहरु हुन् । शहिद लखन गाउँपालिका सरकारले सार्वजनिक प्रशासनमा सुशासन कायम गर्ने सम्बन्धमा विभिन्न कार्यहरु गरिरहेको छ । गाउँपालिकाले हालसम्म सहकारी ऐन २०७५, शहिद लखन सीप विकास प्रतिष्ठान ऐन २०७५, गाउँ विपद् जोखिम न्यूनीकरण ऐन २०७६, शहिद लखन गाउँपालिकाको औद्योगिक व्यवसाय ऐन २०७६ लगायतका १५ ऐनहरु, निर्देशिका, मपदण्ड तथा दर्जनौं कार्यविधिहरु तयार भई कार्यान्वयन गरिएका छन् । गाउँपालिकामा स्थानीय विशेषतामा आधारित तुलनात्मक लाभका क्षेत्रको पहिचान तथा योजना निर्माण, मानव पूँजी निर्माण, सार्वजनिक सेवा प्रवाह सुधार, पूर्वाधार विकास, स्थानीय उत्पादन, रोजगारी र आयआर्जन वृद्धि, गरिबी निवारण, प्राकृतिक, भौगोलिक, पर्यावरणीय, सामाजिक तथा सांस्कृतिक विविधताको उपयोग आदि अवसरहरु सिर्जना भएका छन् ।

## २.३ सोच, उद्देश्य तथा रणनीति

नेपाल सरकारको दीर्घकालीन सोच "समृद्ध नेपाल सुखी नेपाली" तथा गण्डकी प्रदेश सरकारको दीर्घकालीन सोच 'समृद्ध प्रदेश र सुखी नागरिक' तथा नेपाल सरकारको सोह्रौं योजना (२०८१/८२- २०८५/८६) को सोच 'सुशासन, सामाजिक न्याय र समृद्धि' तथा गण्डकी प्रदेश सरकारको दोस्रो पञ्चवर्षीय योजना (२०८१/८२- २०८५/८६) को

सोच 'आत्मनिर्भर र समुन्नत प्रदेशः सम्मानित प्रदेशवासी' तथा  शहिद लखन गाउँपालिकाको श्रोत र साधनलाई दृष्टिगत गर्दै गाउँपालिकाको प्रथम पञ्च वर्षीय योजना (२०७८/७९-२०८२/८३) ले गाउँपालिकाले निम्न अनुसारको  सोच, लक्ष्य उद्देश्य तथा रणनीति राखेको छ ः

## २.४ दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य

मध्यमकालीन खर्च संरचनाका लागि गाउँपालिकाले प्रथम आवधिक योजनामा राखेका दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य निम्नानुसार रहेका थिए ।

**दीर्घकालीन सोच**ः "कृषि पर्यटन र पूर्वाधारको दिगोपनः समृद्ध सुसंस्कृत शहिद लखन"

**लक्ष्य**ः न्याय र समतामा आधारित दिगो आर्थिक विकाससहितको समृद्ध, सुसंस्कृत र सुगम शहिद लखन।

**उद्देश्य**ः उपरोक्त लक्ष्य हासिल गर्न योजनाले निम्नलिखित उद्देश्यहरु राखेको छः

१. ग्रामीण अर्थतन्त्रको विकास गरी गाउँपालिकालाई प्रमूख कृषिजन्य वस्तुमा आत्मनिर्भर बनाउनु तथा व्यवसायिक कृषिको विकास र विस्तार गरी कृषिलाई गाउँपालिकाको आर्थिक विकासको महत्वपुर्ण आधार बनाउने।

२. भौतिक पूर्वाधारलाई व्यवस्थित र गुणस्तरीय बनाउने तथा सडकसँग जोडिएका क्षेत्रमा कृषि उत्पादन, पशुपन्छीपालन तथा कृषि उत्पादनमा आधारित उद्योग व्यवसायका कार्यक्रमहरु सञ्चालनमा प्रोत्साहन गर्ने।

३. गाउँपालिका क्षेत्रमा भएका पर्यटकीय गन्तव्यमा पूर्वाधारको विकास गरी पर्यटनलाई गाउँपालिकाको आर्थिक विकासको समावेशी आधारकोरुपमा विकास गर्ने।

४. आधारभूत तथा माध्यमिक शिक्षाको गुणस्तर सुधार गरी विविध सीप र दक्षता भएका प्राविधिक तथा अन्य जनशक्ति उत्पादनको आधार तयार गर्ने।

५. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गर्ने।

६. सम्पुर्ण किसिमका विभेदका अन्त्य गर्न आर्थिक समृद्धि तथा सामाजिक, सांस्कृतिक रुपान्तरण अभियान सञ्चालन गर्ने।

७. लैङ्गिक समानता र सामाजिक न्याय, सामाजिक न्याय, समावेशी र समानुपातिक सिद्धान्तलाई आत्मसाथ गर्दै लोक कल्याणकारी व्यवस्थालाई सुदृढ र दिगो बनाउँदै लैजाने।

८. विकास निर्माणका योजना तर्जुमा गर्दाकै चरणमा विपद् प्रतिकार्य, वातावरण संरक्षण, जलवायु अनुकूलन आदिलाई केन्द्रमा राख्ने ।

९. सुशासनको प्रत्याभूति दिलाउन पारदर्शीता, जवाफदेहिता, भ्रष्टाचारजन्य कार्यमा शुन्य सहनशिलता र दण्डहीनता नीति अवलम्बन गर्ने तथा सुशासन प्रवर्द्धनको लागि संस्थागत विकास गर्ने ।

१०. जनताको मौलिक हकका रुपमा रहेका न्यूनतम आधारभूत आवश्यकता परिपूर्ति गर्ने ।

## २.५ गाउँपालिका विकासको रणनीति

गाउँपालिकाको समष्टिगत लक्ष्य, उद्देश्य तथा परिमाणात्मक लक्ष्यलाई तोकिएको समयावधिमा पूर्णता दिन गाउँपालिकाको आवधिक योजनाले देहायका समष्टिगत रणनीतिहरु अवलम्बन गरेको छ।

१. आर्थिक विकासका क्षेत्रहरु जस्तैः कृषि, पशुपन्छीपालन, पर्यटन आदि क्षेत्रमा लगानी अभिवृद्धि गरी रुपान्तरणकारी परिवर्तन ल्याउने ।

२. कृषि तथा पशुपन्छीपालन क्षेत्रमा आधुनिकीकरण तथा व्यवसायीकरणको लागि विकास साझेदार संस्थाहरुसँग सहकार्य गर्ने ।

३. सडक पूर्वाधारको विकास मार्फत्, यातायात, उत्पादन वृद्धि तथा आपूर्ति प्रणालीको सुदृढीकरण तथा विद्यालय तथा स्वास्थ्य संस्थासम्मको पहुँच सहज गर्ने ।

४. पर्यटन, कृषि तथा पशुपन्छीपालन, पूर्वाधार, संस्कृति आदिलाई समानान्तर रुपमा अगाडि बढाउन एकीकृत योजना अनुरुप कार्य गर्ने ।

५. मुलुकलाई आवश्यक दक्ष जनशक्ति तयार गर्न विद्यालयस्तरीय शिक्षालाई गुणस्तरीय बनाउने ।

६. रोजगारी तथा स्वरोजगारीका नयाँ क्षेत्र पहिचान गरी युवाशक्तिलाई आफ्नै क्षेत्रमा काम गर्न प्रोत्साहन गर्ने ।

७. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवामा सबैको सहज पहुँच सुनिश्चित गर्ने ।

८. सार्वजनिक सेवा प्रवाहमा नीतिगत तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने ।

९. विकास अभियानमा विपद् प्रतिकार्य, वातावरणमैत्री, जलवायु अनुकूलनको सुनिश्चितता गर्ने ।

१०. विकास निर्माण तथा सेवाप्रवाहमा अन्तर सरकार, निजी क्षेत्र, सहकारी, गैसस तथा समुदायसँगको साझेदारी र सहकार्य गर्ने ।

## २.६ प्राथमिकता

आवधिक योजनाका सोच, लक्ष्य र उद्देश्यलाई कार्यरुप दिन लिनुपर्ने प्राथमिकता :

१. कृषि उत्पादन र उत्पादकत्व वृद्धि ।

२. पर्यटन क्षेत्रको विकास तथा संस्कृतिको संरक्षण ।

३. प्राकृतिक स्रोतको दिगो उपयोग ।

४. दिगो, भरपर्दो र सर्वयाम सडक पूर्वाधार विकास ।

५. निःशुल्क गुणस्तरीय शिक्षा ।

६. गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा ।

७. उद्यमशिलता, रोजगारी तथा नवप्रवर्त्तन ।

८. वातावरण संरक्षण र विपद् व्यवस्थापन ।

९. सबै प्रकारका विभेदको अन्त्य, लैङ्गिक समानता र सामाजिक समावेशीकरण ।

१०.प्रविधिको उपयोग गरी सुशासन प्रवर्द्धन तथा प्रभावकारी सार्वजनिक सेवा प्रवाह ।

## २.७ मध्यमकालीन आर्थिक खाका

राष्ट्रिय सोच तथा संकल्प “समृद्ध नेपाल र सुखी नेपाली”, गण्डकी प्रदेशको सोच तथा लक्ष्य ‘समृद्ध प्रदेश र सुखी नागरिक’ र शहिद लखन गाउँपालिकाको दीर्घकालीन सोच “कृषि पर्यटन र पूर्वाधारको दिगोपनः समृद्ध सुसंस्कृत शहिद लखन” तथा आवधिक योजनाले राखेका लक्ष्य अनुरुप आगामी तीन आर्थिक वर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ। नेपाल सरकारको सोह्रौं योजना, गण्डकी प्रदेशको दोस्रो आवधिक योजना तथा गाउँपालिकाको प्रथम तथा दोस्रो आधवधिक योजनाले लिएको समष्टिगत तथा विषयगत अपेक्षित उपलब्धि हासिल गर्न सहयोग पुग्ने गरी यो मध्यमकालीन खर्च संरचना तयार गरिएको छ ।

## २.८ मध्यमकालीन बजेट खाका

गाउँ विकास योजनाको सोच, लक्ष्य, उद्देश्य, रणनीति र प्राथमिकता, वार्षिक नीति तथा कार्यक्रम, दिगो विकास लक्ष्यको मार्गचित्र, क्रमागत एवम् विस्तृत अध्ययन भएका आयोजना तथा कार्यक्रम, स्थानीय प्राथमिकता, विनियोजन कुशलता, अनुमान योग्यता र वित्तीय सुशासनलाई मुख्य आधार लिई गाउँपालिकाको त्रिवर्षीय बजेट खाका तयार गरिएको छ। मध्यमकालीन खर्च संरचनामा वित्तीय सङ्घीयताको कार्यान्वयन, स्थानीय आर्थिक स्थायित्व र रोजगारी, सामाजिक तथा आर्थिक विकास र सन्तुलित विकासका लागि विकास आयोजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा जोड दिइएको छ। माथि उल्लिखित समष्टिगत नतिजा खाका तथा विषय क्षेत्रगत नतिजा प्राप्त गर्नका लागि आवश्यक हुने खर्च तथा स्रोतको अनुमान गरिएको छ। विभिन्न खालको विपद्, जलवायु परिवर्तनजन्य विपद् पश्चातको सामाजिक आर्थिक पुनरुत्थानलाई प्राथमिकता दिइएको छ।

मध्यमकालीन स्रोत अनुमान गर्दा आन्तरिक आय तथा राजस्व परिचालनको विगत प्रवृत्ति, देशको समग्र आर्थिक स्थितिमा आएको सुस्तता तथा अन्य विपद्‌बाट स्रोत परिचालनमा परेको चाप र आगामी वर्षहरुमा पर्न सक्ने असर तथा प्रभाव, स्रोतको आवश्यकता लगायतका पक्षहरुलाई पनि ध्यान दिइएको छ।

पहिलो वर्षको खर्च संरचनाको राजस्व तथा खर्च अनुमान गर्दा आर्थिक वर्ष २०८२/८३ को बजेट, राजस्व तथा विनियोजनका आधारमा गरिएको छ भने दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको विकास योजनामा उल्लेख गरेको आवधिक लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाइ प्रमुख आधार मानिएको छ। आगामी आर्थिक वर्षहरुका लागि स्रोत अनुमान तथा प्रक्षेपण गर्दा विगतका आर्थिक वर्षहरुको स्रोत संकलन, चालु आर्थिक वर्षको अनुमान र नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त अनुदानका सिलिङ्ग तथा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले सिफारिस गरेका रोयल्टी तथा राजस्व बाँडफाँटका दस्तावेजहरुलाई मुख्य आधारका रुपमा लिईएको छ।

गाउँपालिकाको आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ अर्ब ९८ करोड ७७ रहने प्रक्षेपण गरिएको छ जसमा चालु बजेट तर्फ रु. १ अर्ब ४९ करोड र पूँजीगत बजेट तर्फ रु. ४९ करोड रहेको छ। स्रोत परिचालनतर्फ आन्तरिक स्रोतबाट रु. २२ करोड, राजस्व बाँडफाटबाट रु. ३६ करोड ६० लाख र नेपाल सरकारको वित्तीय हस्तान्तरणबाट रु. १ अर्ब २८ करोड ९० लाखर गण्डकी प्रदेश सरकारबाट रु. ९ करोड ५० लाख गरी कुल आय रु. १ अर्ब ९७ करोड १० लाख व्यहोरिने प्रक्षेपण गरिएको छ। यस सम्बन्धी विवरण तालिका १ मा उल्लेख गरिएको छ।

**तालिका १: त्रिवर्षीय बजेट विनियोजन र प्रक्षेपण (रकम रु. करोडमा)**

| विवरण | २०८०/८१ | २०८१/८२ | २०८२/८३ | मध्यमकालीन लक्ष्य प्रक्षेपण | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|---|---|---|
| | को यथार्थ | को यथार्थ | को अनुमानित | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| **बजेट अनुमान** | | | | | | | |
| कुल बजेट | ५२.६ | ५०.१ | ६२.६ | ६४.३ | ६६.० | ६७.८ | १९८.१ |
| चालु बजेट | ३७.१ | ३८.४ | ४७.७ | ४८.७ | ४९.७ | ५०.७ | १४९.० |
| पूँजीगत बजेट | १५.६ | ११.७ | १४.८ | १५.६ | १६.३ | १७.२ | ४९.१ |
| **स्रोत अनुमान** | | | | | | | |
| संघीय सरकारबाट प्राप्त हुने अनुदान | ३७.३ | ३५ | ४१.३ | ४२.१ | ४३.० | ४३.८ | १२८.९ |
| प्रदेश सरकारबाट प्राप्त हुने अनुदान | २.४ | २.८ | ३ | ३.१ | ३.२ | ३.२ | ९.५ |
| राजश्व बाँडफाँटबाट प्राप्त हुने | ७.६ | ९.९ | ११.६ | ११.९ | १२.२ | १२.५ | ३६.६ |
| आन्तरिक स्रोत | ५.७ | ५.८ | ६.७ | ७.० | ७.४ | ७.८ | २२.२ |
| कुल आय | ५३ | ५३.५ | ६२.६ | ६४.१ | ६५.७ | ६७.३ | १९७.१ |
| **बजेट बचत वा घाटा** | ०.४ | ३.४ | ०.० | -०.१ | -०.३ | -०.५ | -०.९ |

आगामी तीन वर्षको लागि कुल प्रक्षेपित बजेटको ११.२ प्रतिशत मात्र गाउँपालिकाको आन्तरिक स्रोतले योगदान गर्ने देखिएकाले आन्तरिक स्रोत वृद्धिको लागि सम्भावित राजश्वका नयाँ स्रोतको पहिचान गर्नुपर्ने आवश्यकता देखिन्छ।

# परिच्छेद तीन

# आर्थिक विकास क्षेत्र

शहिद लखन गाउँपालिकाको आवधिक योजनाले तय गरेको आर्थिक क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ। आर्थिक क्षेत्र अन्तर्गत कृषि तथा पशुपंक्षी, पर्यटन, उद्योग, वाणिज्य तथा आपूर्ती सहकारी तथा प्राकृतिक स्रोत उपयोग आदि उपक्षेत्र समेटिएको छ।

**तालिका २: आर्थिक विकास अन्तर्गतका केही क्षेत्रमा विनियोजित बजेट** (रु. **करोडमा**)

| क्षेत्रहरु | मध्यमकालीन लक्ष्य प्रक्षेपण | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|
| | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| कृषि तथा पशुपन्छी | ३.२ | ३.४ | ३.५ | १०.१ |
| सिँचाई | १.८ | १.८ | १.९ | ५.५ |
| पर्यटन | २.६ | २.७ | २.७ | ८.० |
| उद्योग, वाणिज्य | १.२ | १.२ | १.२ | ३.७ |
| श्रम तथा रोजगारी | १.४ | १.४ | १.५ | ४.३ |
| **कुल** | **१०.२** | **१०.५** | **१०.८** | **३१.६** |

आर्थिक विकास अन्तर्गतका कृषि तथा पशुपंक्षी, जलश्रोत तथा सिँचाइ, उद्योग जस्ता उपक्षेत्रहरुमा तीन वर्षको कुल ३१ करोड ६० लाख रुपैयाँ बजेट प्रक्षेपण गरिएको छ। यी उपक्षेत्रहरुमा सबैभन्दा बढी कृषि तथा पशुपंक्षी उपक्षेत्रमा रु. १० करोड १० लाख वजेट अनुमान गरिएको छ।

## ३.१ कृषि तथा पशुपन्छी

### १. पृष्ठभूमि

शहिद लखन गाउँपालिकाको प्रमुख आर्थिक क्षेत्र मध्ये कृषि एक हो। राष्ट्रिय कृषि गणना २०७८ अनुसार गाउँपालिकामा कुल ६१७७ कृषक परिवार रहेका छन् भने ३३२८.४ हेक्टर जमिनमा खेती गरिन्छ। जसमध्ये ७१६.४ हेक्टर जमिनमा सिँचाई सुविधा पुगेको छ भने सिँचाई सुविधा प्रयोग गर्ने कृषक घरपरिवारको संख्या २७०१ रहेको छ। त्यस्तै २४८१.२ हेक्टर जमिनमा ६०७८ परिवारले अस्थायी बाली लगाउँछन् भने ९५.२ हेक्टरमा १२९० परिवारले स्थायी बाली लगाउने गरेका छन्।

गाउँपालिकामा मुख्यतः खाद्यान्न बाली, तरकारी तथा फलफूलको खेती हुन्छ । खाद्यबालीमा मूलतः मकै, कोदो तथा धानको खेती हुन्छ । तरकारी बालीमा आलु, प्याज, काउलीको उत्पादन हुन्छ भने फलफूलतर्फ सुन्तला, कागती, निबुवा तथा कफी आदिको खेती हुन्छ । त्यस्तै, गाउँपालिकामा पशुपन्छीतर्फ गाई, भैंसी, बाख्रा र कुखुरापालनको उच्च सम्भावना रहेको छ ।

## २. सम्भावना तथा अवसर

समुद्र सतहदेखि ३२८ देखि १५२२ मिटरसम्मको उचाईमा रहेको शहिद लखन गाउँपालिका बूढीगण्डकी, त्रिशुली, दरौँदी नदी तथा लुदी र ज्यादुल खोलाको बीचमा अवस्थित छ। यसबाहेक गाउँपालिका क्षेत्रमा बही खोला, जुग्दी खोला, राङ्दी खोला आदि पनि रहेका छन् । यिनै नदीहरुको किनारमा रहेका ज्यादुल फाँट, ठेउवाटार, बराह फाँट, माझ्फीटार, लुदीफाँट, करनटार, जुग्दीफाँट, गह्रौंथली फाँट, कल्लेरी फाँट तथा सिलिङ्गटार जस्ता खेतीयोग्य जमिनमा सिँचाई सुविधाको विस्तार गर्ने हो भने गाउँपालिकाको कृषिउपजको उत्पादनमा बृद्धि भइ खाद्यसुरक्षाको अवस्थामा सुधार गर्न र निर्यातमा योगदान पुग्ने देखिन्छ।

कृषिलाई व्यवसायिकता प्रदान गर्न तरकारी खेती तथा कफी, एभोकाडो, लिची, मसलाबाली, सुन्तला आदिको सम्भावना रहेको छ। त्यस्तै नगदे बाली तर्फ अदुवा तथा बेसार बाली (हलेदो) को पनि सम्भावना रहेको छ । गाउँपालिकामा व्यवसायिक पशुपन्छीपालनतर्फ भैंसी, बाख्रा तथा कुखुरा पालनका साथै व्यवसायिक मौरी पालनको पनि सम्भावना रहेको छ। त्यस्तै, गोरखा बजार, आँबु खैरेनी, पोखरा, नारायणगढ तथा काठमाडौँ पनि नजिक र सडक सञ्जालसँग जोडिएकाले पनि कृषि उपजको बजार सम्भावना उच्च रहेको छ।

## ३. समस्या तथा चुनौती

यस गाउँपालिकाको कृषि विकासमा सिंचाइ सुविधाको अभाव, स-साना टुक्रे जमिन हुनाले व्यवसायिक खेती गर्न कठिनाइ, युवा जनशक्ति पलायन र कामदार अभाव, कृषि उपजलाई बजारसम्म पुऱ्याउन यातायात तथा भरपर्दो ढुवानी सेवाको अभाव, सुनिश्चित कृषि बजार, शीत भण्डार, गोदाम घर, संकलन केन्द्र आदी कृषि विकासको मुल समस्याको रुपमा लिइएको छ। साथै उत्पादित कृषि उपजको बजारीकरण एवं उचित मूल्यमा विक्री वितरण हुन नसक्नु, कृषि प्रणाली खर्चिलो हुनु, माटोको नियमित परीक्षण नहुनु, रसायनिक मलको अभाव, कृषि उपजको सुरक्षित भण्डारणको व्यवस्था नहुनु पनि समस्या रहेको छ। यसका अतिरिक्त बाँदर लगायतका अन्य जंगली जनावरबाट बालीमा हुने क्षति पनि चुनौतीको रुपमा रहेको छ। त्यस्तै निर्वाहमूखी पशुपालनलाई व्यवसायिक बनाउनु, कृषि तथा पशुपालन क्षेत्र लक्षित सडक, चिस्यान केन्द्र, दूध संकलन केन्द्र

तथा भण्डारण सुविधा उपलब्ध गराउनु तथा दूध, मासु तथा अन्य पशुजन्य उत्पादनको स्थानीय प्रशोधन जस्ता चुनौती रहेका छन् ।

## ४. लक्ष्य

कृषि पेशालाई आकर्षक र व्यावसायिक बनाई कृषि तथा पशुपन्छीजन्य उपजमा पूर्णतः आत्मनिर्भर भई यी उत्पादनको निर्यात सम्भव बनाउने ।

## ५. रणनीति

- कृषि उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धी क्षमता विकास गर्ने ।
- तुलनात्मक लाभ हुनसक्ने स्थानीय बालीनाली र आधारभुत खाद्य वस्तुको उत्पादनबाट आधारभुत आय हासिल गर्ने ।
- रैथाने बीउविजन संरक्षण तथा रैथाने खेतीको प्रवर्द्धन गर्ने ।
- जलवायु परिवर्तन र प्रकोपवाट पर्ने नकारात्मक असर न्यूनीकरण गर्दै वातावरणमैत्री कृषि प्रविधिको विकास र विस्तार गर्ने ।
- कृषि तथा पशुसेवामा प्रयोग भइरहेको स्थानीय सिपलाई आधुनिक सिप र प्रविधिमा अनुमिलन गराइ दिगो कृषि विकास गर्ने ।
- सिंचाइका उपयुक्त प्रविधि समेतको उपयोग गरी सिञ्चित क्षेत्र विस्तार गर्ने ।

## ६. कार्यनीति

- कृषिको विशिष्टीकरण, विविधीकरण, आधुनिकीकरण तथा व्यावसायीकरण गरी उत्पादन परिमाण तथा गुणस्तर अभिबृद्धि गर्ने नीति लिइनेछ ।
- परम्परागत कृषि पेशालाई व्यावसायिक कृषि विकासका लागि दीर्घकालीन रणनीतिक गुरुयोजना तयार गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिकाको कृषियोग्य जमीनको पहिचान तथा माटो परीक्षण गरी खाद्यबाली, तरकारी, मसलाबाली तथा फलफूल उत्पादनको विभिन्न पकेटहरु निर्धारण गरी सामूहिक खेतीमार्फत कृषिजन्य उत्पादन वृद्धिमा जोड दिइनेछ ।
- रैथाने खेतीको प्रवर्द्धनका लागि प्रोत्साहन कार्यक्रम ल्याइनेछ ।

- व्यक्तिगत वा संघ संस्थाका स्वामित्वमा रहेका बाँझो जमिनमा खेती गर्न चाहने कृषक वा समुहलाई दुवै पक्षसँग आवश्यक समन्वय गरी खेती गर्न प्रेरित गरिनेछ।
- व्यवसायिक खेती गर्न चाहने जो कोही किसानलाई उत्पादन मात्राको आधारमा अनुदान दिने व्यवस्था गरिनेछ।
- गाउँभित्र उत्पादित कृषि उपजको सहज पहुँचका लागि बजार सुनिश्चित गर्न आवश्यक स्थानमा थोक तरकारी खरिद बिक्री केन्द्र स्थापना गरिनेछ।
- कृषि पेसा तथा जैविक र व्यावसायिक उत्पादनमा संलग्न किसानलाई प्रोत्साहित गर्न वार्षिक रुपमा उत्कृष्ट कृषक छनौट गरी पुरस्कृत गर्ने व्यवस्था मिलाइने छ।
- जैविक मल तथा विषादीको उत्पादन एवं प्रयोग गर्न कृषकलाई सचेतना तथा उत्पादन प्रविधि र प्रसार कार्यक्रमको संचालनको व्यवस्था गरिनेछ।
- उन्नत जातका बाखा, गाई, भैंसीपालनलाई प्रोत्साहन गरिनेछ। पशु स्वास्थ्य सेवालाई चुस्त, दुरुस्त र भरपर्दो बनाइनेछ।
- व्यवसायिक पशुपन्छी, माछा तथा मौरीपालनका लागि प्रोत्साहन कार्यक्रम ल्याइनेछ।
- प्राविधिकहरु किसानहरुको गोठ वा फर्ममा पुगी पशुपंक्षी सम्बन्धी सेवा दिने तथा कृषकहरुको खेतीबाली लगाएकै ठाउँमा गएर बालीनाली सम्वन्धी सेवा दिने प्रवन्ध मिलाइनेछ।
- प्राङ्गारिक मल बनाउने विधिको विषयमा अध्ययन अनुसन्धान गर्ने नीति तय गरिनेछ।
- किसानलाई प्रोत्साहन गर्न तथा युवालाई कृषिमा लाग्न उत्प्रेरित गर्न कृषि बिऊ बिजन, मलखाद तथा औषधीमा अनुदान दिने व्यवस्था मिलाइनेछ।
- बैदेशिक रोजगारीबाट फर्केका युवालाई सामूहिक खेती गर्न प्रेरित गरी कृषिमा लाग्न बैंकबाट सहुलियत कर्जा प्राप्तिका लागि गाउँपालिका जमानत बस्ने व्यवस्थाको पहल गरिनेछ।

## ७. प्रमूख कार्यक्रम तथा बजेट प्रक्षेपण

**तालिका ३: कृषि तथा पशुपंक्षी विकासका केही मुख्य कार्यक्रम**

| कार्यक्रम | तीन वर्षको अनुमान | | | तीनवर्षको जम्मा |
|---|---|---|---|---|
| | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| माटो परीक्षण कार्यक्रम | २५ | १० | ५ | ४० |
| सुन्तला खेतीमा रोग पहिचान कार्यक्रम | २५ | १५ | ५ | ४५ |
| मकै खेती प्रवर्द्धन कार्यक्रम | १० | १५ | २० | ४५ |

| कार्यक्रम | तीन वर्षको अनुमान | | | तीनवर्षको जम्मा |
|---|---|---|---|---|
| | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| कोदो खेती प्रवर्द्धन कार्यक्रम | ५ | १० | १५ | ३० |
| कफी खेती प्रवर्द्धन कार्यक्रम | १० | १२ | १२ | ३४ |
| मसला बाली प्रवर्द्धन कार्यक्रम | १० | १० | १० | ३० |
| रैथाने बाली प्रवर्द्धन कार्यक्रम | २५ | २५ | २५ | ७५ |
| बैमौसमी तरकारी खेती प्रवर्द्धन कार्यक्रम | १० | १२ | १५ | ३७ |
| बाँझो जमिनमा खेती अभियान | २५ | ३५ | ३५ | ९५ |
| मौरी प्रवर्द्धन कार्यक्रम | १५ | २० | २५ | ६० |
| भैंसी तथा बाख्रा प्रवर्द्धन कार्यक्रम | १० | १५ | १५ | ४० |
| दुध संकलन तथा प्रशोधन केन्द्र | २५ | २ | २ | २९ |
| पशु नश्ल सुधार कार्यक्रम | १५ | १५ | १५ | ४५ |
| कृषि तथा पशुपन्छी बिमा कार्यक्रम | १५ | २५ | २५ | ६५ |
| साना सिँचाइ तथा कूलो मर्मत कार्यक्रम | १८० | १९० | १९० | ५६० |
| विभिन्न कृषि सम्बन्धी सीप विकास तालिमहरु | १० | १२ | १५ | ३७ |
| पशुपंक्षी स्वास्थ्य घुम्ती शिविर | १० | १० | १० | ३० |
| पशुपंक्षीहरुमा उपचार तथा परजीवी नियन्त्रण कार्यक्रम | १० | १० | १० | ३० |
| उत्पादनमा आधारित अनुदान कार्यक्रम | २५ | ३० | ३५ | ९० |
| कृत्रिम गर्भाधान कार्यक्रम | १० | १५ | १५ | ४० |
| पशुपंक्षी स्वास्थ्य घुम्ती शिविर | १० | १२ | १५ | ३७ |
| जम्मा | ५०० | ५२५ | ५४९ | १५७४ |

## ८. अपेक्षित उपलब्धि तथा परिमाणात्मक स्थिति

| कार्यक्रम | तीन वर्षको अनुमान | | | तीनवर्षको अन्त्यमा |
|---|---|---|---|---|
| | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| माटो परीक्षण कार्यक्रम | ३ वडा | ३ वडा | ३ वडा | सबै वडा सकिएको हुने |
| सुन्तला खेतीमा रोग पहिचान कार्यक्रम | ३ वडा | ३ वडा | ३ वडा | सबै वडा सकिएको हुने |
| मकै खेती प्रवर्द्धन कार्यक्रम | दुई हजार कृषक परिवार | दुई हजार कृषक परिवार | दुई हजार कृषक परिवार | कुल ६ हजार कृषक परिवार |
| कोदो खेती प्रवर्द्धन कार्यक्रम | एक हजार पाँचसय कृषक परिवार | एक हजार पाँचसय कृषक परिवार | एक हजार पाँचसय कृषक परिवार | चार हजार पाँचसय कृषक परिवार |

| कार्यक्रम | तीन वर्षको अनुमान | | | तीनवर्षको अन्त्यमा |
|---|---|---|---|---|
| | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| कफी खेती प्रवर्द्धन कार्यक्रम | पाँच सय कृषक परिवार | पाँच सय कृषक परिवार | पाँच सय कृषक परिवार | पन्ध्र सय कृषक परिवार |
| मसला बाली प्रवर्द्धन कार्यक्रम | दुई सय कृषक परिवार | दुई सय कृषक परिवार | दुई सय कृषक परिवार | छ सय कृषक परिवार |
| रैथाने बाली प्रवर्द्धन कार्यक्रम | एक हजार पाँचसय कृषक परिवार | एक हजार पाँचसय कृषक परिवार | एक हजार पाँचसय कृषक परिवार | चार हजार पाँचसय कृषक परिवार |
| बैमौसमी तरकारी खेती प्रवर्द्धन कार्यक्रम | दुई सय कृषक परिवार | दुई सय कृषक परिवार | दुई सय कृषक परिवार | छ सय कृषक परिवार |
| बाँझो जमिनमा खेती अभियान | तीस हे. | चालिस हे. | पचास हे. | एक सय बीस हे. |
| मौरी प्रवर्द्धन कार्यक्रम | बीस कृषक | बीस कृषक | बीस कृषक | साठी कृषक |
| भैंसी तथा बाख्रा प्रवर्द्धन कार्यक्रम | पचास पशुपालक | सय पशुपालक | सय पशुपालक | दुई सय पचास पशुपालक |
| दुध संकलन तथा प्रशोधन केन्द्र | सबै वडामा | सबै वडामा | सबै वडामा | सबै वडामा |
| पशु नश्ल सुधार कार्यक्रम | सबै वडामा | सबै वडामा | सबै वडामा | सबै वडामा |
| कृषि तथा पशुपन्छी बिमा कार्यक्रम | सबै वडामा | सबै वडामा | सबै वडामा | सबै वडामा |
| साना सिँचाइ तथा कूलो मर्मत कार्यक्रम | थप पचास हे. | थप पचास हे. | थप पचास हे. | थप एक सय पचास हे. |
| विभिन्न कृषि सम्बन्धी सीप विकास तालिमहरु | सबै वडामा | सबै वडामा | सबै वडामा | सबै वडामा |
| पशुपंक्षी स्वास्थ्य घुम्ती शिविर | सबै वडामा | सबै वडामा | सबै वडामा | सबै वडामा |
| पशुपंक्षीहरुमा उपचार तथा परजीवी नियन्त्रण कार्यक्रम | सबै वडामा | सबै वडामा | सबै वडामा | सबै वडामा |
| कृत्रिम गर्भाधान कार्यक्रम | सबै वडामा | सबै वडामा | सबै वडामा | सबै वडामा |

## ३.२ पर्यटन

### १. पृष्ठभूमि

गाउँपालिकाको आर्थिक विकासका विभिन्न क्षेत्रहरुमध्ये पर्यटन एक महत्वपूर्ण क्षेत्र हो। यस गाउँपालिकामा मनकामना मन्दिर, त्रिवेणी मन्दिर, बक्रेश्वरी मन्दिर, सिद्ध लखन गुफा, हिमालामाई मन्दिर, अर्लाङ्दीमाईको मन्दिर, भिमवीरेश्वर महादेव, कोटकाली थानीथान, सन्तानेश्वर महादेव मन्दिर बर्चुली थान, बालेश्वरी मन्दिर, मकैपुर वौद्ध गुम्बा जस्ता प्रसिद्ध धार्मिक तथा सांस्कृतिक तीर्थस्थलहरु रहेका छन्। यी स्थानहरु आन्तरिक तथा बाह्य पर्यटकका लागि आकर्षणका केन्द्र हुन सक्छन्। त्यस्तै, नेपालकै प्रथम शहिद लखन थापा मगर तथा जैयसिंह चुमी मगरको रगतले सिञ्चित बुंकोटको काहुले भंगार ऐतिहासिक पर्यटकीय गन्तव्य हो।

### २. समस्या र चुनौती

भरपर्दो यातायात र सर्बयाम सडकको अभाव पर्यटन क्षेत्रको विकासमा प्रमूख समस्या देखिन्छ। अन्य पर्यटकीय पूर्वाधारहरुको आवश्यक विकास हुन नसकेको, निजी क्षेत्र र सरकार बीच आवश्यक सहकार्य र समन्वयको अभाव रहेको आदि पर्यटन क्षेत्रका मूख्य समस्या हुन्। पर्यटकहरुको औसत बसाइ लम्ब्याउने र औसत दैनिक खर्च बढाउन आवश्यक पर्यटक लक्षित गतिविधि वृद्धि गर्नु चुनौती रहेको छ।

### ३. सम्भावना र अवसर

शहिद लखन गाउँपालिकाको मुख्यतः मनकामना क्षेत्र नेपाल तथा भारतीय पर्यटकहरु बीच पनि आकर्षणको केन्द्र बनेको छ। मनकामना मन्दिरमा मात्र वार्षिक रूपमा दर्शन गर्ने तीर्थालुहरूको संख्या करिब ११ देखि १५ लाख रहने गरेको छ। कुल दर्शनार्थीहरूमध्ये भारतीय पर्यटक तथा तीर्थयात्रीहरूको वार्षिक ३ लाखभन्दा बढी भारतीय नागरिकहरूले मनकामनाको दर्शन गर्ने गरेका छन् र यो संख्या वर्षेनी बढ्दो क्रममा छ। यसरी आउने पर्यटकको बसाई अवधी लम्ब्याउन पर्यटकीय क्षेत्र विस्तार गर्ने सम्भावना रहेको छ।

### ४. लक्ष्य

पर्यटन पूर्वाधारको विकास गरी गाउँपालिकालाई पर्यटन केन्द्रको रुपमा विकास गर्ने।

### ५. उद्देश्य

१. पर्यटन पूर्वाधारको विकास गर्ने।

२. व्यवसायमार्फत आय तथा रोजगारी वृद्धि गर्ने तथा पर्यटन क्षेत्रबाट हुने लाभलाई समावेशी बनाउने।

## ६. रणनीति

गाउँपालिकाका पर्यटन गन्तव्य सम्म सर्वयाम यातायातको व्यवस्था गर्ने ।

पर्यटकीय क्षेत्रको प्रवर्द्धन तथा पूर्वाधार विकास गर्ने ।

पर्यटकको औसत बसाइ र औसत दैनिक खर्च वृद्धि गर्ने ।

## ७. कार्यनीति

- गाउँ क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको योजनाबद्ध विकास गर्न पूर्वाधार विकास तथा गाउँपालिकालाई दिगो पर्यटनमैत्री गाउँको रुपमा विकास गर्न पर्यटन गुरुयोजना बनाई कार्यान्वयनमा ल्याइनेछ ।
- यस गाउँ क्षेत्रमा भएका धार्मिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धन तथा उचित प्रयोग गर्दै धार्मिक पर्यटनलाई सुदृढ बनाइनेछ ।
- गाउँपालिकास्थित व्यस्त बजार तथा महत्वपूर्ण स्थानमा सुरक्षा व्यवस्थापन सुदृढ गर्नका लागि बत्ती र सिसिटिभि क्यामेरा जडान गरिनेछ ।
- गाउँभित्रको कला, संस्कृति, रीतिरिवाज, परम्परा जीवन्त तुल्याउन पुरातात्विक स्वरुप कायम गर्ने खालका कार्यक्रमहरु संचालन गरिनेछ ।

## ८. प्रमूख कार्यक्रमहरु अपेक्षित उपलब्धि तथा परिमाणात्मक स्थिति

| क्र.सं. | कार्यक्रम | | | | तीन वर्षको उपलब्धी |
|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८३/८४ | २०८३/८४ | |
| १ | मनकामना मन्दिरसम्मको सडक स्तरोन्नती गर्ने । | | | | बाटो स्तरोन्नती भएको हुने |
| २ | पर्यटकीय क्षेत्रहरुको चिनारी, पर्यटकलाई जानकारी कार्यक्रम | हरेक वर्ष | हरेक वर्ष | हरेक वर्ष | आन्तरिक पर्यटकमा वृद्धि |
| ३ | जैविक विविधतामा आधारित पर्यापर्यटन कार्यक्रम सञ्चालन गर्ने । | हरेक वर्ष | हरेक वर्ष | हरेक वर्ष | आन्तरिक पर्यटकमा वृद्धि |
| ४ | सुलभ बोका पाठा पालन तथा बिक्री अनुदान कार्यक्रम सञ्चालन गर्ने । | कम्तीमा १५ बाख्रापालक | थप १५ बाख्रापालक | थप १५ बाख्रापालक | ४५ बाख्रापालक |

## ३.३ सहकारी

### १. पृष्ठभूमि

शहिद लखन गाउँपालिकामा कृषि सहकारी १८, बचत तथा ऋण सहकारी १०, उपभोक्ता सहकारी ४ र बहुउद्देश्यीय सहकारी २ गरी कुल ३४ सहकारी संस्थाहरु सञ्चालनरत रहेका छन् ।

### २. सम्भावना तथा अवसर

नेपालको संविधानले सहकारी क्षेत्रलाई अर्थतन्त्रको एक प्रमूख आधारको रुपमा उल्लेख गर्नु, कुल गार्हस्थ्य उत्पादनमा ज्यादै न्यून (३ प्रतिशत हाराहारी) योगदान हुनु, उत्पादन, कृषि, प्रशोधन उद्योग, बजारीकरण, स्वास्थ्य, पर्यटन, यातायात परिवहन, बीमा, पर्यावरण, आवास, नविकरणीय उर्जा सहकारी जस्ता विविधता ल्याउन सकिने आदि अवसर तथा सम्भावना रहेका छन् ।

### ३. समस्या र चुनौती

सहकारी संस्थाहरुमा संस्थागत सुशासनको अभाव हुनु, सहकारीहरुको नियमन कमजोर हुनु तथा प्रभावकारी अनुगमनको अभाव रहनु, हाल देशभर नै संकटग्रस्त सहकारी संस्थाहरु रहेकाले बचतकर्ता सदस्यहरुलाई त्यसको मनोवैज्ञानिक प्रभाव पर्नु तथा सहकारी संस्थाहरुको वित्तीय विवरण डिजिटलाइज्ड गर्नु आदि प्रमूख चुनौती रहेका छन् ।

### ४. लक्ष्य

सहकारी क्षेत्रलाई उत्पादन वृद्धि तथा वितरण र गरिबी न्यूनीकरण गर्ने अभियानको रुपमा अगाडि बढाउने ।

### ५. उद्देश्य

१. सहकारी संस्थाहरुको सुदृढीकरण गरी समुदायको आर्थिक र सामाजिक सशक्तीकरण गर्ने ।
२. सहकारीलाई कृषि उत्पादन तथा प्रशोधन र बजारीकरण तर्फ विस्तार गर्ने ।

### ६. रणनीति तथा कार्यनीति

- सहकारीमा आधारित एक वडा/गाँउ एक उत्पादनमा जोड दिने ।
- प्रत्येक वडामा एक संकलन तथा विक्री केन्द्रको स्थापना गरी सहकारीहरुलाई परिचालन गर्ने ।

- विषगतरुपमा दुग्ध विकास, पशु विकास, घरेलु तथा लघु उद्यम, कृषि खाद्य तथा उत्पादन विकास, पशुपंक्षी विकास, विउ विजन विकास, तरकारी तथा फलफुल विकास र वचत तथा ऋण जस्ता सहकारीहरुको प्रवर्द्धन र परिचालन गर्ने ।

## ७. प्रमूख कार्यक्रम तथा उपलब्धी

| क्र.सं. | कार्यक्रम | | | | तीन वर्षको उपलब्धी |
|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८३/८४ | २०८३/८४ | |
| १ | कृषि वस्तुहरुको बजारीकरणका लागि सहकारी संकलन केन्द्र र थोकबजार स्थलहरुको निर्माणमा सम्वन्धित सरोकारवालाहरुसँग समन्वय गर्ने । | योजना निर्माण तथा डि.पि.आर. | निर्माण | निर्माण सम्पन्न | कम्तीमा पाँच ठाउँमा निर्माण सम्पन्न भएको हुने । |
| २ | जग्गा चक्लावन्दी वा लिजमा लिई व्यवसायिक खेती गर्ने सहकारी संस्थाहरुलाई प्रविधि, बिमा र कृषि सामाग्रीमा अनुदान दिने । | कम्तीमा १५ कृषक परिवार कार्यक्रममा आवद्ध | कम्तीमा १५ कृषक परिवार कार्यक्रममा आवद्ध | कम्तीमा १५ कृषक परिवार कार्यक्रममा आवद्ध | कम्तीमा ४५ कृषक परिवार कार्यक्रममा आवद्ध |
| ३ | सहकारी संस्थाका सञ्चालकहरु लक्षित सुशासन सम्वन्धी अभिमुखीकरण कार्यक्रम संचालन गर्ने । | वर्षमा तीन कार्यक्रम | वर्षमा तीन कार्यक्रम | वर्षमा तीन कार्यक्रम | गाउँपालिकाका सबै सहकारीमा आवद्ध लाभान्वित हुने । |
| ४ | कोदो उत्पादक किसानहरुलाई सहकारीमा आवद्ध गरी व्यवसायिक रक्सी उत्पादन कार्यक्रम । | कम्तीमा ३० परिवार सहकारीमा आवद्ध गर्ने | कम्तीमा ३० परिवार सहकारीमा आवद्ध गर्ने | कम्तीमा ३० परिवार सहकारीमा आवद्ध गर्ने | कम्तीमा ९० परिवार सहकारीमा आवद्ध भएका हुने । |

## ३.४ उद्योग, वाणिज्य तथा आपूर्ति

### १. पृष्ठभूमि

राष्ट्रिय आर्थिक गणना २०७५, अनुसार शहिद लखन गाउँपालिका क्षेत्रमा ८५८ व्यापारिक प्रतिष्ठानहरु रहेका छन् । यी व्यापारिक प्रतिष्ठानहरुमा १२३७ महिला र १३२३ पुरुष गरी कुल २५६० जना संलग्न रहेका

छन् । गाउँपालिकाबाट गरिने बजार अनुगमन निर्देशिका, २०७५ कार्यान्वयनमा छ । त्यस्तै, गाउँपालिकामा उत्पादनमुलक उद्योगहरु हाल सम्म छैनन् ।

## २. समस्या र चुनौती

स्थानीय जनतामा उद्यमशील सोचको विकास हुन नसक्नु, उत्पादनशील क्षेत्रमा स्थानीय पूँजी परिचालन हुन नसक्नु, स्थानीय तहमा निजी क्षेत्र आकर्षित हुन नसक्नु, घरेलु तथा साना उद्योग प्रवर्द्धनमा पुँजी, सीप, कच्चा पदार्थ र प्रविधि संयोजन गर्न स्थानीय तहको निजी क्षेत्रले नेतृत्व लिन नसक्नु, कृषि सँगै अन्य क्षेत्र जस्तै वन, खानी जोडिन नसक्नु यस क्षेत्रका समस्या हुन् । त्यस्तै, लगानी मैत्री वातावरण सृजना गरी लागत लाभका आधारमा उद्यमीलाई आकर्षित गर्नु, पूर्वाधारको विकास गर्नु, कच्चा पदार्थको उपलब्धता, भरपर्दो श्रम नीति नहुनु आदी यस क्षेत्रको विकासको चुनौती हुन् ।

## ३. सम्भावना र अवसर

गाउँपालिकामा उत्पादित कफी, फलफूल लगायतका उत्पादनको बजार गाउँपालिका बाहिर पनि प्रसस्त हुनु तथा गाउँपालिका भित्र बजार केन्द्रहरुको विकास हुँदै जानु आपूर्ति क्षेत्रका अवसर तथा सम्भावना हुन् । त्यस्तै, देशको संघीय राजधानी काठमाडौँ, गण्डकी प्रदेशको राजधानी पोखरा, तथा व्यापारिक केन्द्र नारायणघाट तथा गोरखा बजार, आँबुखैरेनी जस्ता बजारहरुसँगको सहज पहुँच हुनुले पनि यस क्षेत्रको व्यापारको सम्भावनालाई थप फराकिलो बनाएको छ भने स्थानीय कृषि उपजमा आधारित घरेलु तथा साना प्रशोधन उद्योग स्थापना तथा सञ्चालनको सम्भावना रहेको छ ।

## ४. लक्ष्य

आपूर्ति प्रणालीलाई विश्वसनीय बनाउने तथा स्थानीय उत्पादन वृद्धि गर्ने ।

## ५. उद्देश्य

१. दैनिक उपभोग्य आधारभूत आवश्यकताका वस्तुहरु निर्वाधरुपमा बजारमा उपलब्ध हुने गरी आपूर्ति प्रणालीको व्यवस्थापन गर्ने ।

२. गाउँपालिका भित्र उत्पादित निर्यातजन्य वस्तुहरुको निर्यात व्यापारलाई प्रोत्साहन गर्ने ।

## ६. रणनीति

- गाउँपालिका भित्र स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवर्द्धन गर्ने ।
- गाउँपालिकामा स्थानीय श्रमिकलाई रोजगार दिन सक्ने उद्योगलाई विशेष प्राथमिकता दिने ।
- गाउँपालिका भित्र स्वच्छ व्यवसायिक वातावरण निर्माण गर्ने ।
- गाउँपालिका क्षेत्रमा सर्वयाम आपूर्ती प्रणालीको लागि आवश्यक पूर्वाधारको विकास गर्ने ।

## ७. उद्योग, बाणिज्य तथा रोजगार सम्बन्धी कार्यनीति

- स्थानीय कच्चा पदार्थको आधारमा उद्योगको स्थापना गर्न प्रोत्साहन दिइने छ।
- मुख्य बजार क्षेत्रहरुमा बिक्री कक्ष, प्रर्दशनी कक्ष स्थापना गर्दै स्थानीय उत्पादनहरुको बजार प्रवर्द्धन गरिनेछ।
- आन्तरिक उत्पादनलाई प्रतिस्पर्धी बनाउदै, तुलनात्मक लागत लाभको दृष्टिले फाइदा हुने खालको बस्तु तथा सेवा उत्पादनमा जोड दिई आयात प्रतिस्थापनको नीति अवलम्वन गरिनेछ।
- गाउँपालिका क्षेत्रमा स्थापना भई संचालनमा रहेका सबै प्रकारका व्यापार व्यवसायको स्वीकृत मापदण्ड अनुसार दर्ता वा अनुमति नवीकरण, नियमन, खारेजी र लगतकट्टाको व्यवस्था गरिनेछ।

## ८. परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

- स्थानीय जनताले सञ्चालन गर्न सक्ने घरेलु उद्योगको प्रवर्द्धन भएको हुनेछ।
- रोजगारीमा घरेलु उद्योग सञ्चालन गर्न लगानीको वातावरण निर्माण हुने छ।
- आर्थिक विकासमा उल्लेख्य सुधार भएको हुनेछ।

## ९. प्रमूख कार्यक्रम तथा उपलब्धी

| क्र.सं. | कार्यक्रम | | | | तीन वर्षको उपलब्धी |
|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८३/८४ | २०८३/८४ | |
| १ | कफी उत्पादन तथा निर्यात प्रोत्साहन कार्यक्रम | योजना निर्माण तथा डि(पि.आर. | निर्माण | निर्माण सम्पन्न | कम्तीमा पाँच ठाउँमा निर्माण सम्पन्न भएको हुने। |
| २ | निर्यातयोग्य वस्तुहरुको पहिचान र उत्पादन वृद्धि गर्न निजी तथा | कम्तीमा १५ कृषक परिवार | कम्तीमा १५ कृषक परिवार | कम्तीमा १५ कृषक परिवार | कम्तीमा ४५ कृषक परिवार |

| क्र.सं. | कार्यक्रम | | | | तीन वर्षको उपलब्धी |
|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८३/८४ | २०८३/८४ | |
| | सहकारी संस्थाहरुलाई सहयोग गर्ने । | कार्यक्रममा आवद्ध | कार्यक्रममा आवद्ध | कार्यक्रममा आवद्ध | कार्यक्रममा आवद्ध |
| ३ | कृषिवस्तु उत्पादन स्थलमा वस्तु संकलन केन्द्र, तथा बजार केन्द्रहरुमा बिक्री केन्द्रको स्थापना तथा विस्तार गर्ने । | वर्षमा तीन कार्यक्रम | वर्षमा तीन कार्यक्रम | वर्षमा तीन कार्यक्रम | गाउँपालिकाका सबै सहकारीमा आवद्ध लाभान्वित हुने । |
| ५ | उपभोक्ता सचेतना कार्यक्रम सञ्चालन गर्ने | निरन्तर | निरन्तर | निरन्तर | उपभोक्ता सचेत भएको हुने । |

## ३.५ श्रम तथा रोजगारी

### १. पृष्ठभूमि

मुलुकमा वर्षैपिच्छे झण्डै पाँचलाखभन्दा बढी युवा जनशक्ति श्रम बजारमा थपिन्छन् । तर यसरी थपिने अधिकांश श्रमशक्तिलाई देशभित्रै रोजगारीको उचित अवसर नहुँदा ठूलो संख्यामा युवाहरु वैदेशिक रोजगारीमा जान वाध्य छन् । यसरी ठूलो संख्यामा युवा जनशक्ति विदेशिदा पालिकाभित्र कृषि, निर्माण आदि क्षेत्रमा जनशक्ति अभाव हुन गएको छ भने खेतियोग्य जमिन बाँझो रहेको तथा गाउँहरु रित्तिदै गएका छन् । शहिद लखन गाउँपालिकाबाट श्रमको लागि विदेशिनेको संख्या एकीन नभए पनि गाउँपालिकाबाट हजारौँ युवाहरु विदेशिएको अवस्था छ ।

### २. समस्या र चुनौती

गाउँपालिका स्तरमा दक्ष, अर्धदक्ष र सामान्य दक्ष श्रमिक तथा बेरोजगार जनशक्तिको तथ्याङ्क संकलन र सुचीकरण गर्नु तथा हरेक वर्ष अध्यावधिक, वर्गिकरण र विश्लेषण नहुनु प्रमुख समस्याको रुपमा रहेको छ । त्यस्तै, रोजगारीको लागि विदेशिने तथा नेपालका अन्य शहरहरुमा जाने प्रवृत्ति पनि गाउँपालिकाको लागि चुनौतीको रुपमा रहेको छ । स्थानीय आर्थिक विकासका कार्यक्रमहरु लागु गरि सो जनशक्ति यहीँ श्रम तथा रोजगारी गर्ने वातावरणको सिर्जना गर्नु आवश्यक छ ।

## ३. सम्भावना र अवसर

शहिद लखन गाउँपालिकको कृषि व्यवसाय प्रवर्द्धन ऐन, २०७६, औद्यागिक व्यवसाय ऐन २०७६, सुरक्षित आप्रवासन सम्वन्धी कार्यविधि २०७८ तर्जुमा भई लागु हुनु, व्यवसायिक कृषि उत्पादनका लागि जग्गा भाडा उपलब्ध गराउने कार्यविधि २०७६, पशुपन्छी तथा मत्स्य विकास अनुदान कार्यक्रम सञ्चालन कार्यविधि २०७६ लागु हुनु, संविधानमा नै श्रमिकलाई उचित श्रम अभ्यासको हक हुने व्यवस्था हुनु, वैदेशिक रोजगारीबाट फर्केका श्रमशक्तिमा सीप तथा प्रविधिको ज्ञान हुनु, देशमा प्राविधिक विद्यालयहरु खोल्ने क्रमबाट सीपयुक्त जनशक्ति बढ्नु, वैदेशिक रोजगारीबाट फर्केका युवाहरु संगठीत हुनु आदि अवसर हुन् । साथै, वैदेशिक रोजगारबाट फर्केकालाई उद्यमशीलताको तालिम दिई रोजगारमुलक कार्यमा संलग्न गराउनु, गाउँपालिका भित्र ठुलो मात्रामा विप्रेषण भित्रिनु आदि पनि अवसर हुन ।

## ४. लक्ष्य

समावेशी, सामाजिक सुरक्षा र संरक्षण प्रणालीमार्फत कल्याणकारी कार्यहरु सम्पादन गर्ने ।

## ५. उद्देश्य

१. स्वरोजगारी तथा आन्तरिक रोजगारी सिर्जना गर्नु ।
२. वैदेशिक रोजगारीमा जाने युवाहरुलाई सीप सिकाई सुरक्षित रोजगारीमा जाने प्रवन्ध मिलाउनु ।
३. वैदेशिक रोजगारीबाट सीप र पुँजीसहित फर्केका युवाहरुलाई स्वदेशमा नै उद्यम गर्न प्रोत्साहन गर्ने ।
४. सामाजिक सुरक्षाका कार्यक्रमहरुमा लक्षित वर्गको पहुँच सुनिश्चित गर्दै सुरक्षित र सम्मानजनक जीवनयापनका लागि सेवा सुविधको विस्तार गर्नु ।

## ६. रणनीति

- सिपमुलक र प्राविधिक तालिमको व्यवस्था गर्न सहजीकरण गर्ने ।
- बैदेशिक रोजगारमा रहेका तथा फर्केका जनशक्तिहरुको तथ्याङ्क संकलन गरि सिपयुक्त जनशक्तिको स्थानीय स्तरमा प्रविधि र सिप हस्तान्तरणका लागी उपयुक्त लगानीको वातावरण तथा रोजगारीको सृजना गर्दै गाउँपालिकामै उद्यमशीलतामा लगाउन सकिने अवस्थाको विकास गर्ने ।

## ७. कार्यनीति

- रोजगार सेवा केन्द्रमा सूचिकृत बेरोजगारहरुलाई गाउँपालिकाको पहलमा विभिन्न खालका तालिमहरु प्रदान गरी स्वरोजगार तथा सीपमुलक रोजगारीतर्फ प्रेरित गरिनेछ।
- बेरोजगारहरुको लगत तयार गरी श्रम सूचना बैंक स्थापना गरिनेछ। उभोक्ता समितिमार्फत् कार्यान्वयन हुने आयोजनाहरु स्थापित श्रम बैंकमार्फत् संचालन गरिनेछ।
- नेपाल सरकारको उद्योग मन्त्रालयसँग समन्वय गरी गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेडपा) लाई अझ प्रभावकारी रुपमा संचालन गरिनेछ। गरिबी निवारण सँग सम्वन्धित अन्य निकायलाई यस क्षेत्रमा कार्य गर्न सहजीकरण गरिनेछ।
- विदेशवाट फिर्ता भएका जनशक्तिहरुलाई कृषि, उद्योग, वाणिज्य तथा स्वरोजगार सम्बन्धी आर्जित ज्ञान र सीप जस्ता योग्यता अनुभवलाई स्थानिय युवाहरुमा प्रसारित गर्न प्रोत्साहित र सहजीकरण गरिनेछ।

## ८. परिमाणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

- बैदेशिक रोजगारमा जाने दर उल्लेख्यरुपमा घटेको हुनेछ।
- जनशक्तीको अद्यावधिक तथ्याङ्क हुनेछ।
- उद्यमशीलताको प्रबर्द्धन र रोजगारीको श्रृजना भएको हुनेछ।
- उद्यमी गाउँको रुपमा विकास हुने छ। बेरोजगार संख्या कम भएको हुनेछ।

### तालिका ४: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम | आर्थिक वर्ष | | | तीन वर्षको उपलब्धी |
|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८३/८४ | २०८३/८४ | |
| १ | वैदेशिक रोजगारीमा जानेको निम्ति श्रम क्षेत्र निर्धारण गरी उपयुक्त पूर्वतालिम कार्यक्रम। | निरन्तर | निरन्तर | निरन्तर | वैदेशिक रोजगारीमा जाने दक्ष तथा अर्द्धदक्ष श्रमिकका कारण विप्रेषण आय बढेको हुनेछ। |
| २ | वैदेशिक रोजगारीबाट फर्केकाहरुको ज्ञान र सीपको आधारमा कृषि तथा उद्यम | निरन्तर | निरन्तर | निरन्तर | विदेशमा सिकेको सीपको सदुपयोग गरी |

| क्र.सं. | कार्यक्रम | आर्थिक वर्ष | | | तीन वर्षको उपलब्धी |
|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८३/८४ | २०८३/८४ | |
| | व्यवसाय सञ्चालन गर्न प्रोत्साहन कार्यक्रम । | | | | स्वदेशमा नै उद्यम गर्नेको संख्या बढ्नेछ । |
| ३ | श्रम सीप तथा दक्षता अभिवृद्धि तालिम कार्यक्रम । | निरन्तर | निरन्तर | निरन्तर | दक्ष श्रमिकको संख्यन बढ्नेछ । |
| ४ | आन्तरिक रोजगार, वैदेशिक रोजगार, घरेलु हिंसा, प्रकोप आदिका कारण उत्पन्न मनोसमाजिक समस्यामा परेका व्यक्ति तथा तिनका परिवारको लागि मनोसमाजिक परामर्श सेवा प्रदान । | निरन्तर | निरन्तर | निरन्तर | मानसिक समस्यामा कमी आउनेछ । |
| ५ | विप्रेषणको आयमुलक क्षेत्रमा अधिकतम् उपयोगको लागि विभिन्न कार्यक्रम सञ्चालन । | निरन्तर | निरन्तर | निरन्तर | विप्रेषणको उपयोग उत्पादनमुलक क्षेत्रमा भएको हुनेछ । |

# परिच्छेद चार

# सामाजिक क्षेत्र

शहिद लखन गाउँपालिकाको आवधिक योजनाले तय गरेको सामाजिक क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ। सामाजिक क्षेत्र अन्तर्गत स्वास्थ्य तथा पोषण, शिक्षा, विज्ञान तथा प्रविधि, युवा तथा खेलकुद, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक लगायतका उपक्षेत्रहरु रहेका छन्।

**तालिका ५: सामाजिक क्षेत्र अन्तर्गतका विभिन्न उपक्षेत्रहरुको लागि बजेट प्रक्षेपण (रकम रु करोडमा)**

| सामाजिक क्षेत्र | मध्यमकालीन प्रक्षेपण | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|
| | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| स्वास्थ्य तथा पोषण | १०.२ | १०.४ | १०.६ | ३१.२ |
| शिक्षा | १०.८ | ११.१ | ११.३ | ३३.२ |
| लैङ्गिक तथा सामाजिक समावेशिता | ०.८ | ०.८ | ०.८ | २.४ |
| युवा तथा खेलकुद | ०.८ | ०.८ | ०.८ | २.५ |
| कुल | २२.६ | २३.१ | २३.६ | ६९.३ |

सामाजिक विकास अन्तर्गत आगामी तीन वर्षका लागि कुल रु. ६९ करोड ३० लाख बजेट प्रक्षेपण गरिएको छ। सामाजिक विकास अन्तर्गत सबैभन्दा बढी शिक्षामा रु. ३३ करोड २० लाख र स्वास्थ्य तथा पोषणमा रु ३१ करोड २० लाख अनुमान गरिएको छ।

## ४.१ स्वास्थ्य तथा पोषण

### १. पृष्ठभूमि

स्वास्थ्य मानव विकास सूचकांकको एक महत्वपूर्ण आधार हो। गाउँवासीलाई स्वस्थ बनाई राख्नका लागि स्वास्थ्य संस्था, स्वास्थ्य कर्मचारी, स्वास्थ्य पूर्वाधारको आबश्यकता पर्दछ जुन प्रर्याप्त हुन सकिरहेको छैन। शहिद लखन गाउँपालिकाले आधारभूत स्वास्थ्य सेवा तथा पोषणलाई उच्च प्राथमिकतामा राखी कार्य गर्दै

आएको छ। यस गाउँपालिकाले स्वाथ्य तथा पोषण क्षेत्रमा दिगो विकास लक्ष्य हासिल गर्ने उद्देश्यका साथ कार्य गरिरहेको छ।

## २. समस्या र चुनौती

जटिल भौगोलिक अवस्थाका कारण स्वास्थ्य सेवामा सहज पहुँच हुन नसक्नु। स्वास्थ्य पूर्वाधारहरुको अभाव तथा कतिपय स्वास्थ्य पूर्वाधारहरु मापदण्ड अनुसारको हुन नसक्नु, स्वास्थ्य सेवा सर्वसुलभ हुन नसक्नु, जनचेतनाको कमीले अझै पनि धामी झाँक्री आदिमा विश्वास हुनु र कतिपय अवस्थामा बिरामीको ज्यान जोखिममा रहनु आदि समस्या तथा चुनौती रहेका छन्।

## ३. लक्ष्य

गाउँबासीको स्वस्थ्य र पोषणमा सुधार गर्दै गाउँविकासमा मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने।

## ४. रणनीति

- गाउँपालिका भित्रका सबै वडामा गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा उपलब्ध गराउन संस्थाहरुको सवलीकरण, विकास र विस्तार गर्ने।
- आधारभूत स्वास्थ्य सेवामा सवैको पहुँच पुऱ्याउने।
- गाउँबासीलाई पोषणयुक्त खानाको बारे सुसुचित गर्ने।

## ५. कार्यनीति

- स्वास्थ्य क्षेत्रमा लगानी वृद्धि गरी सबै नागरिकले गुणस्तरीय आधारभूत स्वास्थ्य सेवा सहज प्राप्त गर्न सक्ने व्यवस्था मिलाइनेछ।
- गाउँपालिकाका सबै वडाका जनतालाई आधारभूत स्वास्थ्य पहुँचको नीति अवलम्वन गरिनेछ।
- स्वास्थ्यकर्मीहरुको मनोबलमा बृद्धि गर्दै भौतिक तथा पेशागत सुरक्षाको सुनिश्चितता गरिनेछ। साथै मापदण्डका आधारमा उत्कृष्ट स्वास्थ्यकर्मीलाई पुरस्कृत गर्ने व्यवस्था मिलाइनेछ।
- गर्भवती महिला तथा सुत्केरी महिलाहरुका लागि विशेष पोषण प्याकेज तथा दीर्घ रोगीहरुका लागि निःशुल्क औषधी एवं अत्यावश्यक तथा आवश्यकीय औषधी र स्वास्थ्य सामग्रीहरुका प्रबन्धको सुनिश्चितता गरिनेछ।

- गाउँपालिकाको पहल, सहयोग तथा समन्वयमा हुने रक्तदान कार्यक्रकमा रगत संकलन तथा भण्डारणको व्यवस्था मिलाइनेछ।
- पाँच वर्षमुनिका सम्पूर्ण बालबालिकाहरुको बृद्धि अनुगमन गरी कुपोषण विहिनतालाई सुनिश्चित गर्न पोषण सहुलियत तथा पोषण सम्वन्धी ज्ञानका कार्यक्रमहरु संचालन गरिनेछ।
- प्रत्येक विद्यालयमा किशोरकिशोरीहरुको स्वास्थ्य शिक्षा प्रवर्द्धन कार्यक्रमलाई निरन्तरता दिइएको छ।
- हाइड्रोसिल, पाठेघर खस्ने तथा पाठेघर मुखको क्यानसर, आँखा रोग सम्वन्धी पहिचान गर्न निःशुल्क स्क्रिनिङ (पहिचान) तथा औषधि सहितको शल्यक्रियाको व्यवस्था गरिनेछ।
- सुगर, प्रेसर जस्ता दीर्घ रोगीहरुका लागि वर्षमा २ पटक प्रत्येक वडामा स्वास्थ्य शिविर संचालन गरिनेछ।
- विभिन्न सरुवा रोग, नसर्ने रोग, जुनोटिक, मानसिक स्वास्थ्य सम्वन्धी जनचेतनामूलक कार्यक्रम तथा दिवस मनाइनेछ।
- स्वास्थ्य तथा पोषणबारे जनचेतना कार्यक्रम सञ्चालन गरिनेछ।

## ६. परिणात्मक स्थिति

- स्वास्थ्य संस्थाहरुको विकास र विस्तार भएको हुनेछ।
- निशुल्क रुपमा आधारभूत स्वास्थ्य सेवा उपलब्ध हुनेछ।
- पोषणयुक्त खानाको बारे व्यापक रुपमा प्रचार प्रसार भएको हुनेछ।

### तालिका ६: केही प्रमूख कार्यक्रम तथा बजेट प्रक्षेपण

| क्र.सं. | कार्यक्रमहरु | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
|---|---|---|---|---|---|
| १ | आँखा शिविर कार्यक्रम। | ०.२ | ०.३ | ०.३ | ०.८ |
| २ | विशेषज्ञ स्वास्थ्य स्क्रिनिङ शिविर। | ०.४ | ०.६ | ०.७ | १.७ |
| ३ | ग्रामीण अल्ट्रासाउण्ड कार्यक्रम। | ०.२ | ०.२५ | ०.२५ | ०.७ |
| ४ | ल्याब सेवा व्यवस्थापन | ०.७५ | ०.२५ | ०.२५ | १.२५ |
| ५ | लक्षित वर्गलाई निःशुल्क स्वास्थ्य बिमा तथा विपन्न नागरिकलाई निःशुल्क स्वास्थ्य परीक्षण कार्यक्रम। | ०.२ | ०.२५ | ०.४ | ०.८५ |
| ६ | नसर्ने रोगको परामर्श, परीक्षण, निदान तथा उपचार कार्यक्रम। | ०.५ | ०.६ | ०.७५ | १.८५ |

| क्र.सं. | कार्यक्रमहरु | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
|---|---|---|---|---|---|
| ७ | समुदाय र स्थानीय तहका स्वास्थ्य संस्थाहरुमा मनोसामाजिक परामर्श सेवा कार्यक्रम । | ०.४ | ०.५ | ०.५ | १.४ |
| ८ | वैदेशिक रोजगारमा जाने नागरिकहरुको स्वास्थ्य सुरक्षा सचेतना कार्यक्रम । | ०.२५ | ०.२५ | ०.३५ | ०.८५ |
| ९ | स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाहरुका भौतिक पूर्वाधार, जनशक्ति, प्रविधि, आदिको क्षमता अभिवृद्धि । | १.५ | ०.५ | ०.५ | २.५ |
| १० | स्वास्थ्य संस्थाहरूको स्तर र मापदण्डअनुसार औजार उपकरण, निःशुल्क औषधि, भौतिक संरचनालगायत पूर्वाधारको विकास गर्ने । | १.५ | ०.६ | ०.६ | २.७ |
| ११ | आयुर्वेद, प्राकृतिक चिकित्सा, होमियोप्याथिक, युनानी, आम्ची, योग तथा अन्य परम्परागत वैकल्पिक चिकित्सा प्रणाली प्रवर्द्धन र विस्तार | ०.४ | ०.४ | ०.४ | १.२ |
| १२ | स्वास्थ्यकर्मी क्षमता अभिवृद्धि कार्यक्रम । | ०.४ | ०.४ | ०.४ | १.२ |
| १३ | विद्यालय स्वास्थ्य शिक्षा कार्यक्रम । | ०.२५ | ०.३ | ०.३ | ०.८५ |
| १४ | गर्भवती तथा सुत्केरी पोषण प्रोत्साहन कार्यक्रम । | ०.२५ | ०.२५ | ०.२५ | ०.७५ |
| १५ | प्रजनन् रुग्णता स्क्रिनिङ तथा स्त्री रोग पहिचान शिविर | ०.१ | ०.१ | ०.१ | ०.३ |
| १६ | विपन्न गर्भवती सुत्केरी बीमा कार्यक्रम | ०.१ | ०.१ | ०.१ | ०.३ |
| १७ | ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम । | ०.१ | ०.१ | ०.१ | ०.३ |
| १८ | पन्ध्र शैया अस्पताल सञ्चालन तथा व्यवस्थापन । | २.२ | ४.५ | ४.५ | ११.२ |
| १९ | निःशुल्क एम्बुलेन्स सेवा । | १.२ | ०.६ | ०.६ | २.४ |
| | जम्मा | १०.९ | १०.८५ | ११.३५ | ३३.१ |

### ७. अपेक्षित उपलब्धि

दिगो विकास लक्ष्य हासिल गर्नेतर्फ उन्मुख हुनेछ ।

## ४.२ शिक्षा

### १. पृष्ठभूमि

शहिद लखन गाउँपालिकाको साक्षरता दर ७१.२ प्रतिशत रहेको छ  जसमा महिला साक्षरता दर ६३.८ प्रतिशत र पुरुष साक्षरता दर ७९.७ प्रतिशत रहेको छ । गाउँपालिकामा हालसम्म बालविकास केन्द्र ४६, आधारभूत तह (१-५ कक्षा) पढाई हुने विद्यालय २६ सामुदायिक र एक संस्थागत गरी २७, आधारभूत तह (१-८ कक्षा) पढाई हुने विद्यालय ५ सामुदायिक र एक संस्थागत गरी ६, माध्यमिक तह १० कक्षासम्म पढाई हुने विद्यालय ७, माध्यमिक तह १२ कक्षासम्म पढाइ हुने चार र एक प्राविधिक (अटोमोवाइल) शिक्षा पढाइ हुने विद्यालय रहेका छन् ।

## २. समस्या र चुनौती

विद्यालयहरुको वैज्ञानिक नक्शांकन हुन नसक्नु, स्थानीय विशिष्टताको आधारमा शैक्षिक कार्यक्रमहरु सञ्चालन हुन नसक्नु, ग्रामीण क्षेत्रमा विद्यार्थीको न्यूनता, उद्यमशील जनशक्तिको विकास अपेक्षाकृत हुन नसक्नु आदि शिक्षा क्षेत्रका समस्या हुन् । कक्षा दोहोऱ्याउने र कक्षा छोड्ने दरमा कमी ल्याई शैक्षिक क्षति न्यूनिकरण गर्नु, तालिममा सिकेका ज्ञान, सीप तथा प्रविधिलाई कक्षाकोठाको सिकाइ वातावरणमा प्रयोग गर्ने अवस्थाको सुनिश्चित गर्नु, सबै विद्यायहरुमा तहगत र विषयगत न्यूनतम शिक्षक दरबन्दीको सुनिश्चितता र आपूर्ति गरी शिक्षकको वृत्ति विकासलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोड्नु,, शिक्षक दरबन्दी मिलान कार्यलाई पूर्णता दिन, विद्यालय बाहिर रहेका बालबालिकाहरुको वैयाक्तिक तवरमा पहिचान गरी विद्यालय शिक्षामा मूल प्रवाहिकरण गर्नु, सीमान्तकृत,आर्थिक रुपमा कमजोर, अपाङ्गता, दलित बालबालिकाहरुलाई निः शुल्क उच्च शिक्षाको पँहुच सुनिश्चित गर्न, अनिवार्य र निःशुल्क आधारभुत शिक्षा तथा निःशुल्क माध्यमिक शिक्षा कार्यान्वयनको स्पष्ट ढाँचा तयारी तथा कार्यान्वयन गर्न तथा मातृभाषा शिक्षा कार्यक्रम कार्यान्वयनका लागि आवश्यक संरचनागत एवम् व्यवस्थापकीय तयारी गर्नु जस्ता चुनौती रहेका छन् ।

## ३. अवसर तथा सम्भावना

आवासीय विद्यालय सञ्चालन गर्ने, पढदै कमाउदै कार्यक्रमलाई कार्यान्वयनमा ल्याउने, समुदायमा आधारित मातृभाषा शिक्षा कार्यक्रम सञ्चालन गर्ने, ऐतिहासिक तथा धार्मिक महत्त्वका चिनारीहरुलाई स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तकमा समावेश गरी प्रवोधिकारण एवम् प्रवर्द्धन गर्ने जस्ता अवसर तथा सम्भावनाहरु रहेका छन् ।

## ४. लक्ष्य

सामाजिक न्यायमा आधारित समृद्ध शहिद लखन निर्माणका लागि आवश्यक मानव संशाधनको तयार गर्नु,

## ५. उद्देश्य

१. गुणस्तरीय शिक्षामा सम्पुर्ण बालबालिकाको समतामूलक पँहुच विस्तार गर्नु ।

२. प्रतिस्पर्धी, प्रविधिमैत्री,गुणस्तरीय एवम् रोजगारमूलक शिक्षा प्रदान गर्नु ।

३. अनौपचारिक तथा सीपमूलक शिक्षालाई बिस्तार गर्दै लैजानु ।

४. शैक्षिक संस्थाहरुको संस्थागत क्षमता विकास गरी सुशासन कायम गर्नु ।

## ६. रणनीति

१. शिक्षण संस्थाहरुको संस्थागत विकास गर्नु ।

२. सबैका लागि शिक्षा र जीवनपर्यन्त शिक्षाको अवसर बढाउनु ।

३. प्राविधिक तथा व्यवसायिक शिक्षामा जोड दिनु ।

४. सामुदायिक तथा संस्थागत विद्यालयहरुको निरन्तर अनुगमन गरी शिक्षाको गुणस्तरमा सुधार ल्याउनु ।

५. कक्षा क्रियाकलापलाई प्रभावकारी र सुदृढ पार्ने ।

६. विद्यालयको आवश्यकता पहिचान गरी भौतिक निर्माण गराउने ।

७. विद्यालय अनुगमनको लागि जनशक्तिको व्यवस्था गर्ने ।

## ७. कार्यनीति

- प्रत्येक विद्यालयका प्र.अ.सँग व्यवस्थापन कार्य सम्पादन सम्झौता गर्ने र उत्कृष्ट गर्नेलाई प्रोत्साहन दिने नीति अवलम्वन गरिनेछ ।
- विद्यालयको मासिक प्रतिवेदन अनलाइनबाट पठाउने व्यवस्था मिलाइनेछ र सोको अनुगमन तथा मूल्याङ्कनको व्यवस्था मिलाइनेछ ।
- गाउँस्तरीया अतिरिक्त क्रियाकलापहरु (खेलकुद, हाजिरी जवाफ, वक्तत्वकला, नाच, गीत, सङ्गीत, वादविवाद आदि) संचालन गरी उत्कृष्ट छात्रछात्रा तथा विद्यालयलाई पुरस्कृत गर्ने नीति अगाडि बढाइनेछ ।
- बालकक्षाकोठा बालबालिकामैत्री तथा सुविधा सम्पन्न बनाईने तथा बाल शिक्षक शिक्षिकालाई कक्षा प्रभावकारी बनाउन तालिमको व्यावस्था नीति अगाडि बढाइनेछ ।
- गाउँ क्षेत्रभित्रका गरिब, विपन्न, दलित, सिमान्तकृत तथा जेहेन्दार विद्यार्थीहरुको लागि छात्रबृति तथा पोशाक र शैक्षिक सामग्रीहरुको व्यवस्थापन गरिनेछ ।
- प्राविधिक आधारको उच्च शिक्षा र स्नातक तहको पठनपाठन संचालन र विस्तार गर्न प्रदेश तथा संघ सरकारसँग पैरवी गरिनेछ ।
- विद्यालयमा बाल क्लब, बाल सहभागिता अभिवृद्धिको प्रयासलाई संस्थागत गरिनेछ ।
- उत्कृष्ट विद्यालय, विद्यार्थी तथा शिक्षकहरुकलाई शैक्षिक उपलब्धिका आधारमा प्रत्येक वर्ष सम्मान तथा पुरस्कृत गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

- समाजमा सरकारी विद्यालयप्रतिको धारणा परिर्वतन गर्न बालबालिका सँग मेयर, उपमेर कार्यक्रम, संचालन गरिनेछ।
- बिद्यार्थीहरुमा उच्च नैतिक चरित्र विकास गर्न नैतिक शिक्षा अनिवार्य गरी सोही बमोजिमको पाठ्यक्रम विकास गरी लागू गरिने छ।
- गाउँभित्रको आधारभूत विद्यालयदेखि नै कम्प्यूटयर तथा अंग्रेजी माध्यमको शिक्षा अनिवार्य गरिनेछ नीति लिइनेछ।

## ८. परिणात्मक स्थिति

प्रत्येक शैक्षिक सत्रमा औसत सिकाई बृद्धि हुनेछ, शिक्षकको शिक्षण क्षमता विकास भएको हुनेछ, विद्यालयहरुको भौतिक सुविधा विस्तार हुनेछ, कक्षा दोहोऱ्याउने दर (१-५) मा शुन्य हुनेछ, खुद भर्ना दर ( १-५) मा १०० प्रतिशत पुऱ्याइनेछ। स्थानीय पाठ्यक्रम निर्माण गरी सोही अनुकुल पाठ्य सामाग्री निर्माण गरिनेछ। विद्यार्थीहरुको सिकाई उपलब्धि बृद्धि गरिनेछ।

## ९. कार्यक्रम तथा बजेट प्रक्षेपण (रकम रु. करोड)

| क्र.सं. | प्रमूख कार्यक्रम | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | जम्मा |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षामा गुणस्तर अभिवृद्धि कार्यक्रम। | २.५ | २.५ | २.५ | ७.५ |
| २ | शैक्षिक जनशक्तिको क्षमता विकास कार्यक्रम। | ०.९ | १.२ | १.२ | ३.३ |
| ३ | शैक्षिक सुशासन तथा संस्थागत क्षमता विकास कार्यक्रम | ०.४५ | ०.४५ | ०.५ | १.४ |
| ४ | नवप्रवेशी शिक्षकहरुको लागि सेवा प्रवेश तालिम र शिक्षक मेन्टोरिङ | ०.४ | ०.४ | ०.४ | १.२ |
| ५ | आधारभूत तहको सिकाइ गुणस्तर सुदृढीकरण कार्यक्रम | ०.६ | ०.६ | ०.६ | १.८ |
| ६ | पढ्दै कमाउँदै कार्यक्रम | ०.५ | ०.६ | ०.७५ | १.८५ |
| ७ | प्रविधिमैत्री कक्षाकोठा निर्माण कार्यक्रम। | ०.९ | ०.७५ | ०.७५ | २.४ |
| ८ | पुस्तकालय स्थापना र सहयोग | १.५ | ०.७५ | ०.५ | २.७५ |
| ९ | विद्यार्थी प्रोत्साहन कार्यक्रम | ०.४ | ०.५ | ०.५ | १.४ |
| १० | एक विद्यार्थी एक सीप कार्यक्रम | ०.४ | ०.५ | ०.६ | १.५ |
| ११ | अति विपन्न बालबालिका शैक्षिक सहायता कार्यक्रम। | ०.२५ | ०.४ | ०.६ | १.२५ |
| १२ | राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम। | ०.४ | ०.४ | ०.४ | १.२ |
| १३ | बृहत् शैक्षिक मेला तथा प्रतिभा पहिचान कार्यक्रम। | ०.२५ | ०.३ | ०.३ | ०.८५ |
| १४ | अभिभावक शिक्षा/सचेतना कार्यक्रम | ०.४ | ०.४ | ०.४ | १.२ |
| १५ | विद्यालय पढ्ने किशोर किशोरी लक्षित सामाजिक सञ्जाल प्रयोग तथा साइबर सुरक्षा सचेतना कार्यक्रम। | ०.२५ | ०.२५ | ०.२५ | ०.७५ |
|  | जम्मा | १०.१ | १० | १०.२५ | ३०.३५ |

## १०. प्रमूख कार्यक्रम तथा अपेक्षित उपलब्धी

| क्र.सं. | प्रमूख कार्यक्रम | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | नतिजा |
|---|---|---|---|---|---|
| १ | विद्यालय शिक्षामा गुणस्तर अभिवृद्धि कार्यक्रम। | निरन्तर | निरन्तर | निरन्तर | गुणस्तर वृद्धि भएको हुने |
| २ | शैक्षिक जनशक्तिको क्षमता विकास कार्यक्रम। | निरन्तर | निरन्तर | निरन्तर | शैक्षिक जनशक्तिको क्षमता वृद्धि |
| ३ | शैक्षिक सुशासन तथा संस्थागत क्षमता विकास कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | शैक्षिक सुशासन कायम भएको हुने |
| ४ | नवप्रवेशी शिक्षकहरुको लागि सेवा प्रवेश तालिम र शिक्षक मेन्टोरिङ | निरन्तर | निरन्तर | निरन्तर | नव आगन्तुक शैक्षिक जनशक्तिको क्षमता वृद्धि |
| ५ | आधारभूत तहको सिकाइ गुणस्तर सुदृढीकरण कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | सिकाइ गुणस्तर अभिवृद्धि भएको हुने |
| ६ | पढ्दै कमाउँदै कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | |
| ७ | प्रविधिमैत्री कक्षाकोठा निर्माण कार्यक्रम। | माध्यमिक वि. | आधारभूत वि. | | सबै विद्यालय प्रविधि मैत्री भएको हुने |
| ८ | पुस्तकालय स्थापना र सहयोग | | | | सम्पर्ण मा.वि. हरुमा पुस्तकालय भएको हुने |
| ९ | विद्यार्थी प्रोत्साहन कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | |
| १० | एक विद्यार्थी एक सीप कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | |
| ११ | अति विपन्न बालबालिका शैक्षिक सहायता कार्यक्रम। | निरन्तर | निरन्तर | निरन्तर | |
| १२ | राष्ट्रपति रनिङ शिल्ड कार्यक्रम। | निरन्तर | निरन्तर | निरन्तर | |
| १३ | बृहत् शैक्षिक मेला तथा प्रतिभा पहिचान कार्यक्रम। | निरन्तर | निरन्तर | निरन्तर | |
| १४ | अभिभावक शिक्षा/सचेतना कार्यक्रम | निरन्तर | निरन्तर | निरन्तर | |
| १५ | विद्यालय पढ्ने किशोर किशोरी लक्षित सामाजिक सञ्जाल प्रयोग तथा साइबर सुरक्षा सचेतना कार्यक्रम। | निरन्तर | निरन्तर | निरन्तर | |

## ४.३ युवा, खेलकुद तथा नवप्रवर्तन

### १. पृष्ठभूमि

युवा जनशक्ति गाउँ विकासको लागि महत्वपूर्ण उमेर समूहको जनशक्ति हो। शहिद लखन गाउँपालिकको कुल जनसंख्यामध्ये ५० प्रतिशत युवा जनसंख्या रहेको छ। युवा जनशक्तिलाई उद्यमशील कार्यमा आकर्षित गर्न

सकेको खण्डमा आर्थिक क्रियाकलाप बढ्न गई गाउँपालिकाले चाहेको विकास गर्न सक्दछ भन्ने उदेश्यका साथ युवाहरुलाई गाउँ विकासको मुल प्रवाहमा ल्याइने छ। खेलकुद तथा नवप्रवर्तनका क्षेत्रमा युवा लक्षित कार्यक्रमहरु ल्याउदै युवाहरुलाई आकर्षित गर्नुपर्ने आवश्यकता छ।

## २. समस्या र चुनौती

युवा लक्षित विकासका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयन हुन नसक्नु, स्तरीय खेल मैदानको अभाव। खेलकुदमा संलग्न युवा युवतीको भविश्यको सुनिश्चितता गर्नु। खेलकुदमा संलग्न युवा युवतीलाई विभिन्न संस्थाहरुले रोजगारीको अवसर दिने परिपाटीको विकास हुनु।

## ३. लक्ष्य

सीप विकास, स्वरोजगारी र खेलकुदको माध्यमबाट युवाहरुलाई सक्षम तथा योग्य नागरिक बनाउने।

## ४. रणनीति

१. युवाहरुलाई उद्यमशील, स्वरोजगार र स्वाबलम्बी बनाउँदै विकासमा युवाको सहभागिता वृद्धि गर्नु।
२. खेलकुद पूर्वाधारको विकास गर्दै युवा खेलाडीलाई उच्च प्रतिस्पर्धी र व्यवसायिक बनाउनु।

## ५. कार्यनीति

- विभिन्न किसिमका खेलकुद प्रतियोगितालाई संचालन गरिनेछ।
- खेलकुद क्षेत्रलाई प्रवर्द्धन गर्न खेलकुद मैदानको स्तर उन्नति तथा मर्मत कार्य गरिनेछ।
- नागरिक स्वास्थ्यलाई मध्यनजर गरी उचित स्थानमा व्यायामशाला निमार्ण गरिनेछ।
- युवामा स्वयंसेवी भावना बढाउन, सामाजिक जिम्मेवारी वोध गराउन, युवा क्लव गठन गरी स्वयंमसेवा कार्यक्रम संचालन गरिनेछ।
- शैक्षिक बेरोजगारिको समस्या समाधानको निम्ति सरकारी सेवामा प्रवेश गर्नको लागि लोकसेवा आयोग तथा शिक्षक सेवा आयोगको तयारी कक्षाहरु संचालन गरिनेछ।
- गाउँ युवा खेल प्रतिष्ठान गठन गरी युवा मैत्री कार्यक्रमलाई व्यवस्थित गरिनेछ।
- युवा लागू औषध दुर्व्यसन नियन्त्रण गर्न सचेतनामूलक कार्यक्रम संचालन गरिनेछ।
- आवश्यक स्थानमा जग्गा उपल्बधताको आधारमा खेल मैदान निमार्ण र गाउँभित्र एक बहुउद्देश्यीय रंगशाला निमार्ण गरिने छ।

- गाउँभित्रको बाझो जग्गामा युवालाई उद्यमशिल कार्यमा प्रयोग गरी स्वरोजगार बनाइनेछ।

### ६. परिणात्मक स्थिति र अपेक्षित उपलब्धि

उद्यमि युवाहरुको विकास हुनेछ। खेलकुदका पुर्वाधार निमाण गरिनेछ। नवप्रर्वतनमा युवाहरु उत्प्रेरित हुनेछ। तथा युवाहरु नगर विकासको मुल प्रवाहिकरणमा समावेश हुने छन्।

**तालिका ७: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| युवा रोजगार तथा आयआर्जन कार्यक्रम | युवाहरु रोजगार भइ लाभान्वित हुने | गापा |
| सबै वडाहरुमा नमूना खेलमैदान निर्माण | खेलकुद क्षेत्रमा विकास हुने | गापा |
| गाउँपालिका स्तरीय खेलकुद विकास समिति गठन | खेलकुदको विकासमा सहयोग पुग्ने | गापा |

## ४.४ लैङ्गिक तथा सामाजिक समावेशिता

### १. पृष्ठभूमि

सामुदायिक तथा राजनीतिक क्षेत्रमा महिला तथा बालवालिकाको सहभागिता र प्रतिनिधित्व पुरुषको दाँजोमा न्यून रहेको पाइन्छ। सामाजिक सशक्तिकरणको अभाव, साँस्कृतिक, धार्मिक, पारिवारिक वञ्चितिकरणको प्रभावले महिला, बालबालिका तथा जेष्ठनागरिकहरु पिछडिएको अवस्थामा जीवनयापन गरिरहेको अवस्था छ।

### २. समस्या र चुनौती

गाउँपालिकामा लैससास समिति संस्थागत हुन नसक्नु, लैंगिक, हिंसा, बाल हिंसा तथा दलितमाथीको भेदभाव तथा हिंसामा उल्लेख्य कमी आउन नसक्नु, लक्षित वर्ग पहुंचविहिन व्यक्तिहरुलाई सम्बोधन गर्न नसक्नु। महिला वालबालिका तथा जेष्ठनागरिकहरुको समस्या सम्बोधन गर्ने सोंच भएता पनि नीति बनाउन सकिको छैन। वालवालिका मैत्री वातावरण निर्माण गर्न नसक्नु, आर्थिक विपन्नता भएको घर परिवारका वालवालिकालाई पोषणयुक्त खाना, वाल शिक्षा दिनु चुनौतीपूर्ण रहेको छ।

## ३. सम्भावना तथा अवसर

शहिद लखन गाउँपालिकाले लैङ्गिक समानता र सामाजिक समावेशीकरण रणनीति २०७९ तथा क्षमता विकास योजना २०८०, गाउँपालिकाले अपाङ्गता भएका व्यक्तिको परिचय पत्र वितरण कार्यविधि २०७५, सुत्केरी पोषण प्रोत्साहन भत्ता वितरण कार्यविधि २०७५, ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण कार्यक्रम सञ्चालन कार्यविधि २०७८ तर्जुमा गरी कार्यान्वयन गर्दै आएको छ।

## ४. लक्ष्य

महिला तथा दलित लगायत अन्य लक्षित वर्ग विरुद्ध हुने विभेदको अन्त्य गरी लक्षित वर्गको मूल प्रवाहीकरण, समावेशीकरण, सशक्तिकरण गर्ने । बालवालिकाको शिक्षा र स्वास्थ्य सम्बन्धि अधिकार सुनिश्चित गर्ने । ज्येष्ठ नागरीकलाई आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने। विभेदरहित समतामूलक समाज निर्माण गर्ने।

## ५. रणनीति

महिलाहरुलाइ आय आर्जनको क्षेत्रमा संलग्न गराउने। दलित विरुद्ध हुने विभेदको अन्त्य गर्ने। महिला तथा घरेलु हिंसा विरुद्ध आवाज उठाउन महिलाहरुलाई गोलबद्ध गर्ने । घुम्ती स्वास्थ्य सेवाहरु उपलब्ध गराउने। शिशु स्याहार केन्द्र स्थापना गर्ने। बाल स्वास्थ्य घुम्ती केन्द्र स्थापना गर्ने।

## ६. कार्यनीति

- नीति निर्माण र कार्यान्वयनमा लक्षित वर्गको सहभागिता सुनिश्चित गरिनेछ।
- दलित जनसंख्याको सामाजिक, आर्थिक अवस्थाको अध्ययन गरी दलित सशक्तीकरण कार्यक्रम लागु गर्ने।
- बालबालिका विरुद्ध हुने, श्रमशोषण, बालहिंसा, यौन दुर्व्यबहार, बेचबिखन विरुद्ध सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- बालबिबाह न्यूनीकरणका लागि सचेतना कार्यक्रम सञ्चालन गरिनेछ।
- ज्येष्ठ नागरिकको हेरचाह र स्याहारसुारको लागि उपयुक्त वातावरण सिर्जना गरिनेछ।
- पूर्वाधार तथा भौतिक संरचनाहरु अपांगमैत्री निर्माण गरिनेछ।
- गाउँपालिकामा उपलब्ध रोजगारीका अवसरमा दलित तथा सीमान्तकृत युवाहरुलाई प्राथमिकता दिइनेछ।

## ७. परिणात्मक स्थिति र अपेक्षित उपलब्धी

महिला साक्षरता दर बृद्धि गर्ने, गाउँपालिकामा वाल अधिकार सुनिश्चित गर्ने तथा जेष्ठ नागरिकहरुमा आधारभुत स्वास्थ्य पुगेको हुनेछ। आर्थिक, सामाजिक, राजनीतिक, सांस्कृतिक सशक्तिकरण भएको हुनेछ। विभेदरहित तथा समतामुलक समाजको निर्माणतर्फ अग्रसर हुनेछ।

**तालिका ८: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| एक वडा एक महिला संजाल गठन | सार्वजनिक क्षेत्रमा महिला सहभागिता बढेको हुने | गापा |
| समतामूलक समाजको लागि दलित समुदाय सशक्तीकरण तथा सामाजिक चेतनामूलक कार्यक्रम। | सामाजिक चेतनामा अभिवृद्धि भई जातका आधारमा गरिने विभेद घटेको हुने । दलित समुदायमा आर्थिक तथा सामाजिक सशक्तीकरण बढेको हुने। | गापा |
| बालमैत्री कोषको स्थापना | बाल सहयोग तथा उद्दारमा सहयोग पुग्ने | गापा |
| ज्येष्ठ नागरिक संजाल स्थापना | ज्येष्ठ नागरिक संजाल बनी उनीहरुको अधिकारको पैरबीको लागि आधार बन्ने | गापा |
| सार्वजनिक पूर्वाधार अपांगमैत्री अनिवार्य हुनुपर्ने नीति बनाउने | सार्वजनिक संरचना अपांगमैत्री हुने | गापा |

# परिच्छेद पाँच

# पूर्वाधार क्षेत्र

शहिद लखन गाउँपालिकाको आवधिक योजनाले तय गरेको पूर्वाधार क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ। पूर्वाधार क्षेत्र अन्तर्गत सडक तथा यातायात व्यवस्था, भवन, आवास तथा सहरी विकास, जलस्रोत, विद्युत तथा वैकल्पिक उर्जा, खानेपानी आदि उपक्षेत्रहरु राखिएको छ।

**तालिका ९: पूर्वाधार क्षेत्रको लागि आगामी तीन वर्षको बजेट प्रक्षेपण (रकम रु. करोडमा)**

| पूर्वाधार उपक्षेत्रहरु | मध्यमकालीन बजेट प्रक्षेपण | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|
| | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| सडक, पुल तथा यातायात | १५.६ | १६.० | १६.४ | ४८.० |
| आवास तथा वस्ती विकास | १.४ | १.४ | १.५ | ४.३ |
| विद्युत तथा वैकल्पिक उर्जा | २.८ | २.९ | २.९ | ८.६ |
| खानेपानी तथा सरसफाइ | १.४ | १.४ | १.५ | ४.३ |
| **कुल** | **२१.२** | **२१.७** | **२२.२** | **६५.२** |

आगामी तीन वर्षको लागि पूर्वाधार क्षेत्रको लागि कुल रु. ६५ करोड २० लाख बजेट प्रक्षेपण गरिएको छ। पूर्वाधार उपक्षेत्रहरुमध्ये सडक पुल तथा यातायातको लागि सबैभन्दा बढी रु. ४८ करोड बजेट अनुमान गरिएको छ।

## ५.१ सडक तथा यातायात व्यवस्था

### १. पृष्ठभूमि

गाउँपालिकामा सडक पूर्वाधारको अपेक्षकृत विकास हुन सकेको छैन। कुल ३४९ किलोमिटर सडक निर्माण भएता पनि सर्वयाम यातायात सेवा दिने सडकको हिस्सा कम छ। गाउँपालिकाभित्र कालोपत्रे सडक २२ किलोमिटर, ग्रावेल सडक २५ किलोमिटर र कच्ची सडक ३०२ किलोमिटर गरी कुल ३४९ किलोमिटर सडक रहेको छ। त्यस्तै, रामशाहघाट, अँबुवा, लुदीखोला र बुङ्कोटघाटमा गरी चारवटा मोटरएवल पक्की पुलहरु रहेका छन्।

## २. सम्भावना तथा अवसर

गाउँपालिकाका सम्पूर्ण वडा तथा वस्तीहरुमा यातायात सञ्जाल पुग्नु, गाउँपालिकाबाट स्थानीय गन्तब्य तथा प्रदेश राजधानी र संघीय रमजधानीसम्म नियमित यातायात सञ्चालन हुनुलाई अवसरको रुपमा लिन सकिन्छ । यसले व्यक्तिहरुको आवातजावत तथा सामान ढुवानीलाई सहज बनाएको छ। आन्तरिक सडक सञ्जालको विकास भएकाले गाउँपालिकाका उत्पादनहरु बजारसम्म पुऱ्याउन, पर्यटक आवतजावत, शिक्षामा पहुँच बढाउन, स्वास्थ्यकेन्द्रसम्म्को पहुँच जस्ता काममा सहजता बढेको छ। यी विषयहरु सडक सञ्जालले दिएका अवसरहरु हुन् ।

## ३. समस्या र चुनौती

गाउँपालिकाभित्रका विभिन्न सडकहरु आवश्यक अध्ययनविना र तजविजीमा बनेकाले सडकहरु सहज छैनन् भने स्तरोन्नती कार्य पनि जटिल र खर्चिलो हुने देखिएको छ। मापदण्ड विना योजना पहिचान र दक्ष जनशक्ति विना काम भएकाले पनि यो समस्या देखिएको हो । सडकको सुविधा भएता पनि नालाको व्यवस्था नहुँदा वर्षाको समयमा यातायात सञ्चालनमा समस्या देखिएको छ। गाउँपालिका भित्र बसपार्कका लागि आवश्यक पूर्वाधार नहुँदा सवारीका साधनहरु जथाभावी पार्किङ गरिनु समस्या देखिएको छ।

## ४. लक्ष्य

दिगो, सुरक्षित र व्यवस्थित ग्रामीण सडकमार्फत गाउँपालिकाका जनताको जीवनयापनलाई सहज बनाउने तथा गाउँपालिकाका सबै स्थानमा दिगो सडक बाटो निर्माण गर्ने र नियमित तथा सर्वसुलभ यातायात सेवा सञ्चालन गर्ने ।

## ५. रणनीति

- आर्थिक क्रियाकलापलाई बढावा दिने स्थानमा सडक बाटो निर्माण सर्वयामी बनाई शिक्षा, स्वास्थ्य लगायतका सेवालाई प्रभावकारी बनाउने ।
- सडक मापदण्डका आधारमा सडक निर्माण गर्ने तथा सबै वडाहरुबीच अन्तर यातायात सञ्जाल विकास गर्ने ।

## ६. कार्यनीति

- सम्पूर्ण गाउँवासीहरुलाई सहज र सुलभ यातायात सेवा पुऱ्याउने नीति लिइनेछ।

- गाउँपालिकाभित्रका सबै स्थानीय सडकहरुलाई पक्की सडकको रुपमा विकास गरिनेछ।
- हाल नेपाल सरकारले सुरु गरेको सडक बिस्तार कार्यक्रमलाई तिव्रता दिइनेछ।
- यस गाउँपालिकाभित्रका सबै सडकको दुवैतिर सडक नाली र पेटी निर्माण गर्ने कार्यलाई अभियानको रुपमा सुरुवात गरिनेछ।
- पुल, सडक निर्माणमा गुणस्तरीयता कायम गर्न नियमित अनुगमन र मुल्यांकन कार्यलाई प्रभावकारी बनाइनेछ।
- यातायात सेवालाई सुरक्षित र भरपर्दो बनाउन अनुगमन कार्यलाई नियमित बनाइनेछ।
- नयाँ सडक निर्माण कार्य गर्दा "विकास सँग-सँगै निकास" को नीतिलाई अवलम्बन गर्दै सडक नाला निर्माणलाई प्राथमिकतामा राखिनेछ।

## ७. परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

- निश्चित मापदण्डका आधारमा सडक निर्माण भएको हुने। सवै वडाहरुमा सर्वयाम यातायात संजाल पुगेको हुने।
- दिगो र भरपर्दो सडक तथा यातायात पूर्वाधार, गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासको आधार हुनेछ।

**तालिका १०: केही प्रमूख कार्यक्रम तथा बजेट प्रक्षेपण**

| क्र.सं. | कार्यक्रमहरु | आर्थिक वर्ष | | | जम्मा |
|---|---|---|---|---|---|
| | | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| १ | पालिका केन्द्रबाट प्रत्येक वडा कार्यालय जोड्ने सडक स्तरोन्नती तथा कालोपत्रे गर्ने। | ७.५ | ७.५ | ५.५ | २०.५ |
| २ | गाउँपालिका भित्रका सबै सडक बाह्रै महिना संचालन ल्याउने गरी स्तरोन्नति गरी सडक निर्माण गर्ने। | ४.५ | ४.५ | ४.५ | १३.५ |
| ४ | गाउँपालिकाको प्रमूख सडकबाट विद्यालय तथा स्वास्थ्य संस्थासम्म सडक निर्माण कार्यक्रम। | २.५ | २.५ | २.५ | ७.५ |
| ५ | गाउँपालिकाका आर्थिक केन्द्र तथा पर्यटकीय क्षेत्र जोड्ने सडक अध्ययन तथा निर्माण गर्ने। | ०.५ | १.२ | २.५ | ४.२ |
| ६ | यातायात पूर्वाधार तथा व्यवस्थापन सम्वन्धी अध्ययन अनुसन्धान गर्ने। | ०.१ | ० | ० | ०.१ |
| | | **१५.१** | **१५.७** | **१५** | **४५.८** |

## ५.२ खानेपानी तथा सरसफाई

### १. पृष्ठभूमि

स्वस्थ्य जीवनका लागि स्वछ खानेपानी तथा सरसफाई अनिवार्य हुन्छ । सरसफाई तथा वातावरणीय स्वास्थ्यसँग सम्बन्धित पक्षहरुमा जमीन, हावा तथा पानी पर्दछन् । यी पक्षहरुको स्वस्थताका लागि शौचालय निर्माण, रुख विरुवा संरक्षण, धुँवा धुलो ध्वनि मुक्त वातावरणको आवश्यकता पर्दछ । स्वच्छ खानेपानी तथा सरसफाईका क्षेत्रमा गाउँपालिकाले उल्लेख्य काम गर्नुपर्ने आवश्यकता छ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार शहिद लखन गाउँपालिकाका ५९६१ घरधुरी मध्ये २८३२ घरधुरीमा मात्र धाराको पिउने पानी उपलब्ध छ ।

### २. समस्या र चुनौती

गाउँपालिकाका सबै घरधुरीमा स्वच्छ खानेपानी उपलब्ध नहुनु । खानेपानीका मुलहरु बस्तीभन्दा धेरै टाढा हुँदा खानेपानी आयोजना खर्चिलो हुनु, सार्वजनिक स्थमा शुद्ध पिउने पानी तथा शौचालयको व्यवस्था नहुनु । सरसफाईका क्षेत्रमा गाउँपालिकाले उल्लेख्य काम गर्न नसक्नु । बजार क्षेत्रमा प्लाष्टिक तथा शिसाजन्य फोहरको सही व्यवस्थापन हुन नसक्नु जस्ता समस्या रहेका छन् ।

### ३. लक्ष्य

सर्वसुलभ गुणस्तरीय खानेपानी तथा सरसफाइको लागि परिवर्तित आनीबानीसहितको समाज सफाईयुक्त सहर निर्माण गर्ने ।

### ४. रणनीति

- आधारभूत खानेपानीको पहुँच विस्तार तथा गुणस्तरीय खानेपानीको पहुँच बढाउने ।
- उपयुक्त प्रविधिसहित फोहोरमैला व्यवस्थापन गर्ने ।

### ५. कार्यनीति

- खानेपानीका स्रोतहरु खोजी तथा संरक्षण गरिनेछ ।
- एक घर एक धारा कार्यक्रम निरन्तर लागु गरिनेछ ।
- पानी शुद्धीकरणको लागि आवश्यक संरचना तयार गरिनेछ ।

- सरसफाइ सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ।

## ६. परिणात्मक स्थिति र अपेक्षित उपलब्धि

गाउँबासीलाई स्वच्छ खानेपानी उपलब्ध हुनेछ। तीन वर्ष भित्रमा शौचालय नभएका सम्पुर्ण घरपविारहरुमा शौचालय निर्माण कार्यक्रम सम्पन्न गरिनेछ। स्वच्छ खानेपानी, सफाईयुक्त सहर, पूराहुनेछ गाउँबासीको सपनाको सहर।

**तालिका ११: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा |
|---|---|---|
| एक घर एक धारा कार्यक्रम | स्वच्छ खानेपानीमा सहज पुहँच पुग्ने | गापा |
| खानेपानीका स्रोतहरुको संरक्षण | खानेपानीका स्रोतहरुको संरक्षण हुने | गापा |
| सरसफाई सचेतना कार्यक्रम | सरसफाइ सचेतना बढेको हुने | गापा |

**परिच्छेद छ**

# वन, वातावरण, विपद्व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्र

## ६.१ पृष्ठभूमि

हाम्रो देशको भूबनौट तथा वातावरण प्राकृतिक दृष्टिले सम्पन्न मात्र होइन प्राकृतिक प्रकोप जोखिमका दृष्टिले पनि उच्च जोखिममा रहेको छ। पछिल्लो समयमा जलवायु परिवर्तनका कारण बढी प्रभावित हुने देशहरुमा नेपाल पनि पर्दछ। वन तथा वातावरण संरक्षण र विपद् व्यवस्थापनको लागि विभिन्न पहलहरु हुँदै आएको छ। यसका लागि वन तथा वातावरण संरक्षण, भू तथा जलनधार संरक्षण, जलवायु परिवर्तनको प्रभाव न्यूनीकरण तथा विपद व्यवस्थापन जस्ता कार्यमा गाउँपालिकाले काम गर्दै आएको छ।

शहिद लखन गाउँपालिकाको आवधिक योजनाले तय गरेको वन, वातावरण, विपद् व्यवस्थापन तथा अन्तर सम्बन्धित क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा आर्थिक विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ।

**तालिका १२: वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको बजेट प्रक्षेपण** (**रकम रु करोडमा**)

| उपक्षेत्रहरु | मध्यमकालीन बजेट प्रक्षेपण २०८३/८४ | २०८४/८५ | २०८५/८६ | तीन वर्षको जम्मा |
|---|---|---|---|---|
| वन तथा जैविक विविधता | १.२ | १.३ | १.३ | ३.८ |
| भू संरक्षण तथा जलाधार व्यवस्थापन | २.२ | २.३ | २.३ | ६.८ |
| विपदु जोखिम न्यूनीकरण, तथा जलवायु उत्थानशिलता | १.३ | १.४ | १.४ | ४.१ |
| **कुल** | **४.७** | **४.९** | **५.१** | **१४.७** |

वन, वातावरण तथा विपद् व्यवस्थापन क्षेत्रको लागि आगामी तीन वर्षको लागि कुल रु १४ करोड ७० लाख बजेट प्रक्षेपण गरिएको छ।

## ६.२ वन तथा जैविक विविधता

### १. पृष्ठभूमि

शहिद लखन गाउँपालिकामा झण्डै ६४.६२ वर्ग कि.मि. क्षेत्रमा वन क्षेत्र फैलिएको छ जुन गाउँपालिकाको कुल क्षेत्रफलको झण्डै ४३.३६ प्रतिशत हुन आउँछ। वनका काष्ठ तथा गैरकाष्ठ (जडिबुटी लगायत) उत्पादनहरुको सदुपयोग गर्न सक्ने हो भने आयात प्रतिस्थापन तथा काठको उपयोगबाट गाउँपालिकाको आन्तरिक आयमा उल्लेख्य वृद्धि गर्न सकिन्छ।

### २. सम्भावना तथा अवसर

जैविक विविधताले सम्पन्न क्षेत्र, जडिबुटीहरुको उपलब्धता, वन संरक्षणको लागि सामुदायिक तथा कवुलियत वनको अवधारणा लागु हुनु, वनपैदावारमा आधारित जडिबुटी खेती, तथा वनपैदावारमा आधारित उद्यमशिलता, जनतामा बढ्दो चेतना आदि यस क्षेत्रका अवसर तथा सम्भावनाहरु हुन्।

### ३. समस्या र चुनौती

मिचाहा प्रवृत्तिका बोटबिरुवाहरु फैलिँदै जानु, सडक लगायतका पूर्वाधार निर्माणमा वन संरक्षणको लागि आवश्यक ध्यान पुग्न नसक्नु, जैविक विविधता संरक्षणका लागि सञ्चालनमा रहेका कार्यक्रमहरु प्रभावकारी हुन नसक्नु, माछा मार्नको लागि विष प्रयोग गर्दा जलचरहरुमा पर्ने नकारात्मक प्रभाव, लुकीछिपी हुने वनजंगल फडानी, जलवायु परिवर्तन र यसको प्रभाव, पृथ्वीको तापमानमा वृद्धि, वातावरण प्रदुषण आदि यस क्षेत्रका समस्या हुन्।

### ४. लक्ष्य

वन तथा जैविक विविधताको उचित संरक्षण तथा विस्तार गरी नागरिकको जीवनस्तरमा सुधार गर्ने।

### ५. रणनीति

- स्थानीय वनको संरक्षण र वैज्ञानिक व्यवस्थापन, वन्यजन्तु र जैविक विविधताको संरक्षण, सम्वर्द्धन गर्नु।
- वन क्षेत्रको वैज्ञानिक व्यवस्थापनबाट वन र जैविक विविधतासहित वन पैदावारको उचित उपयोग गर्नु।

### ६. कार्यनीति

- वन संरक्षण र संम्बर्द्धनमा समुदायको परिचालन गरिनेछ।
- वन भित्र ढलेका तथा सुकेका रुखहरुको बिक्री वितरणको व्यवस्था गरिनेछ
- जडिबुटी तथा गैरकाष्ठ वनपैदावारको खेती बिस्तार गरिनेछ।
- जडिबुटी प्रोत्साहन उद्योग स्थापना गर्न प्रोत्साहन गरिनेछ।
- वन नर्सरी स्थापना तथा खाली भूभागमा वृक्षारोपण गरिनेछ।
- मिचाहा प्रजातीका बोटबिरुवा नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

### ७. परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

वन क्षेत्रको वृद्धि हुनेछ। सामुदायिक वनहरुको संरक्षण र सम्बर्धन मार्फत आय आर्जनमा बृद्धि हुनेछ। वन तथा जैविक विविधतायुक्त शहरको निर्माणतर्फ अग्रसर हुनेछ।

**तालिका १३: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा/निकाय |
|---|---|---|
| सामुदायिक वनमा जडिबुटी खेती तथा फलफूल रोपन कार्यक्रम | जडिबुटीबाट आय आर्जन हुने तथा वनमा हुने फलफूल खेतीबाट बाँदर नियन्त्रण हुनेछ | गापा |
| वन नर्सरी स्थापना तथा वृक्षारोपण कार्यक्रम | वनक्षेत्र बिस्तार भएको हुने तथा विविधता संरक्षण भएको हुनेछ। | गापा |

## ६.३ जलाधार तथा भूसंरक्षण

### १. पृष्ठभूमि

अन्य पहाडी क्षेत्रमा जस्तै शहिद लखन गाउँपालिकामा पनि भूक्षय तथा बाढी पहिरोको जोखिम रहेको छ। जलाधार क्षेत्रहरुको संरक्षण हुन सकेको छैन। जसका कारण वातावरण सन्तुलन, बाढी पहिरो संरक्षण, हरियालीको विकास जस्ता कार्यमा नकारात्मक प्रभाव परेको छ। भू तथा जलाधार क्षेत्रहरुको जोखिम पहिचान गरि संरक्षण गर्नु आवश्यक छ।

## २. सम्भावना तथा अवसर

गाउँपालिका क्षेत्रका जलाधार तथा सिमसार क्षेत्र र यसले जैविक विविधतामा पुऱ्याउने योगदान, वन क्षेत्र यस क्षेत्रका अवसरहरु हुन् । खेतीयोग्य क्षेत्र, संरक्षित क्षेत्र तथा बसोबासका लागि उपयुक्त क्षेत्रको पहिचान र त्यसै अनुसारको विकास यस क्षेत्रका सम्भावना हुन् ।

## ३. समस्या र चुनौती

यस गाउँपालिका भू क्षय तथा जलउत्पन्न प्रकोपको् जोखिमका दृष्टिकोणमा जोखिमपूर्ण रहेको पाइन्छ। वन अतिक्रमण बढ्दै जानु, अवैज्ञानिक तवरले प्राकृतिक स्रोतको दोहन, जलजन्य प्रकोप र यसका कारण मानवीय क्षति यस क्षेत्रका समस्या हुन् । विकास निर्माणमा प्रकृतीको संरक्षणमा प्रमुख चुनौती रहेको छ।

## ४. लक्ष्य

गाउँपालिका क्षेत्रका जलाधार तथा भू क्षेत्रको संरक्षण गर्ने ।

## ५. रणनीति

- वैज्ञानिक व्यवस्थापनबाट भूसंरक्षण तथा जलाधार क्षेत्रको पहिचान र संरक्षण गर्ने ।
- जैविक तथा स्थानीय प्रविधिलाई प्रवर्द्धन गरी भुसंरक्षण गर्ने ।
- पहिरो जाने समस्याको दीर्घकालिन समाधान खोज्न उपायहरुको अवलम्बन गर्ने ।

## ६. कार्यनीति

- गाउँपालिका भित्र रहेका खोला, खोल्सा तथा अन्य जलस्रोतको संरक्षण गर्ने नीति ल्याइनेछ।
- खाली जग्गामा वन्यजन्तु, पशुपन्छी मैत्री, माटो संरक्षण हुने स-साना पोखरी निमार्णको व्यवस्था मिलाइनेछ।
- खोला तथा नदी किनारमा दीर्घकालीन तटवन्ध निर्माण गरिनेछ।
- नीति निर्माण गरी भूसंरक्षण तथा जलाधार व्यवस्थापनका क्षेत्रमा समुदाय परिचालन गरि कार्य गर्ने ।

## ७. परिणात्मक स्थिति र अपेक्षित उपलब्धि

भूक्षयिकरणमा कमि ल्याइने छ। जलाधार क्षेत्रहरुको पहिचान र संरक्षण भएको हुने छ।

**तालिका १४: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा/निकाय |
|---|---|---|
| पहिरो तथा नदी कटान नियन्त्रण | भूक्षयमा कमी आएको हुनेछ | गापा |
| पानीका मूलहरु तथा खोला खोल्सी संरक्षण कार्यक्रम | जलाधार तथा सिमसार क्षेत्रको संरक्षण भएको हुनेछ | गापा |

## ६.४ वातावरण तथा फोहोरमैला व्यवस्थापन

### १. पृष्ठभूमि

वातावरणको समुचित व्यवस्थापन विना मानव तथा अन्य जीव जन्तुको अस्तित्वमा समेत नकारात्मक असर पर्दछ। तसर्थ वन तथा वातावरणको उचित व्यवस्थापन विना मानिसको सामाजिक तथा आर्थिक विकास कठिन र अपुर्ण हुन जान्छ। वायु तथा जल प्रदुषण, ढल निकास र फोहरमैलाबाट उत्पन्न प्रदुषण लगायतका समस्याहरु यस गाउँपालिकाको बजार क्षेत्रमा परेको छ।

### २. समस्या र चुनौती

मनकामना लगायतका अन्य बजार क्षेत्रमा ढल निकास र फोहरमैलाको उचित व्यवस्थापन नहुँदा वातावरणमा नकारात्मक प्रभाव परेको, प्लाष्टिकजन्य फोहर फैलिँदा माटो गुणस्तर, पानी प्रदुषण जस्ता समस्या बढेका छन् । फोहरको वर्गीकरण हुन नसक्दा फोहर व्यवस्थानको दीर्घकालीन समाधान गाउँपालिकाको लागि चुनौती बनेको छ।

### ३. लक्ष्य

वातावरण संरक्षण गर्दै फोहर व्यवस्थापनको दिगो माध्यमबाट वातावरणीय प्रदुषण नियन्त्रण गर्ने।

### ४. रणनीति

वातावरण संरक्षण र फोहर व्यवस्थापनको लागि समुदाय परिचालनमार्फत दिगो समाधान खोज्ने।

### .५. कार्यनीति

- सामुदायिक वनलाई उद्यमशिलताको रुपमा विकास गरिनेछ।

- गाउँपालिका क्षेत्रभित्र हरियाली प्रवर्द्धन गर्न र वातावरण संरक्षण गर्न फोहरमैला व्यवस्थापन, सडक किनारामा बिरुवा रोप्ने अभियान चलाइनेछ।
- गाउँपालिकाबाट संचालन हुने ठूला योजनाहरुबाट वातावरणमा पर्न सक्ने असरहरुलाई कम गर्न IEE/EIA अध्ययन गर्ने नीति अवलम्वन गरिनेछ।
- सामुदायिक वनहरुलाई स्थानीयको आय-आर्जन बढाउन एग्रो फोरेष्ट नीतिलाई निरन्तरता दिइनेछ।
- वनक्षेत्र पहिचान गरेर कार्ययोजना निर्माण गरी सामुदायिक वन सरोकारवाला निकायसँगको समन्वयमा आवश्यक कार्य गरिनेछ।
- युवा पिढीलाई आकर्षित गरी आधुनिक व्यवसायिक रुपमा जडीबुटी खेतीमा संग्लन गर्न पहल गरिने छ।
- यस गाउँपालिकालाई प्लाष्टिकको प्रयोगलाई न्यूनीकरण गर्न प्लाष्टिकका विकल्पका सामाग्रीहरु उत्पादन र प्रयोगमा प्राथमिकता दिइनेछ। प्लाष्टिकलाई जथाभावी फाल्न रोक लगाइनेछ।
- जनचेतना अभिबृद्धि गरी प्लाष्टिक र प्लाष्टिक जन्यपदार्थ जथाभावी फाल्नेलाई कारवाही गर्ने नीति लिईएको छ।

## ६. परिणात्मक स्थिति र अपेक्षित उपलब्धी

शुन्य फोहरको अवधारणाको विकास हुनेछ। घरमै फोहरमैला व्यवस्थापन गर्ने परिपाटीको विकास हुनेछ। बजार क्षेत्रमा ढल निकास तथा हरेक घरमा सेप्टीट्याङ्की लाई घर नक्सासँग जोडेर व्यवहारमा ल्याईने छ। प्रदुषण नियन्त्रण तथा फोहरमैला व्यवस्थापनका क्षेत्रमा उल्लेख्य सुधार हुने छ।

**तालिका १५: कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको जम्मा लक्ष्य | जिम्मेवार शाखा/निकाय |
|---|---|---|
| फोहोर मैला व्यवस्थापनको लागि गुरुयोजना तयार गरी लागु गर्ने। | गुरुयोजना लागु भई फोहर मैलाको दीर्घकालीन समस्या समाधान भएको हुनेछ | गापा |
| घनत्व बढी भएका वस्तीहरुमा फोहर संकलनको लागि एक घर दुई डस्टविन (कुहिने र नकुहिने) कार्यक्रम | फोहर संकलन व्यवस्थित हुने। | गापा |
| फोहर व्यवस्थापन केन्द्रको स्थापना | व्यवस्थित फोहर व्यवस्थापन हुने। | गापा |

## ६.४ विपद् व्यवस्थापन तथा जलवायु उत्थानशीलता

### १. पृष्ठभूमि

यस गाउँपालिकामा बाढी-पहिरो, आगलागी, भूकम्प, चटयाङ्ग वन्यजन्तु आक्रमण प्रमुख समस्याको रुपमा रहेका छन् । यसबाट ग्रामीण जनताको जनजीवन मात्र नभई राष्ट्रकै आर्थिक तथा सामाजिक अवस्थामा प्रश्न चिन्ह खडा हुने गर्दछ । ग्रामीण भेगमा हुने पूर्वाधार निर्माणको क्रममा हुने भू-स्खलन, नदी खोला वरिपरिका जग्गाहरुमा बाढीले गर्दा हुने क्षति आदि यसका प्रमुख कारणहरु हुन् । यसको कारण नेपालको ग्रामीण भेगमा वर्षेनी अत्यधिक धनजनको क्षति हुने गरेको प्राप्त तथ्याङ्कले देखाएको छ ।

### २. समस्या र चुनौती

वातावरणीय समस्याहरुमा जलवायु परिवर्तनका कारण हुने असमयको अतिवृष्टि तथा अनावृष्टि, वन फँडानी हुनु, गर्मी मौसममा हुने आगलागी तथा डढेलो तथा प्लाष्टिक र प्लास्टिकजन्य सामानहरुको प्रयोग प्रमुख वातावरणीय समस्याको रुपमा रहेको छ ।

### ३. लक्ष्य

विपद्बाट हुने मानवीय, आर्थिक, सामाजिक तथा पर्यावरणीय क्षतिमा कमी तथा जलवायु अनुकुलनका क्षेत्रमा सुधार ल्याउने ।

### ४. रणनीति

- मानव सिर्जीत तथा प्राकृतिक प्रकोपबाट हुने विपद् जोखिमलाई न्यूनीकरण गर्ने ।
- विपद् उत्थानशील समाजको निर्माण गर्ने ।
- वृक्षारोपण स्थान तोक्ने, डढेलो तथा आगलागी सम्बन्धि सचेतना बढाउने, वातावरण मैत्री सडक निर्माण गर्ने, रिचार्ज पोखरी निर्माण र संरक्षण गर्ने, जोखिम क्षेत्रको पूर्व तयारी गर्ने, वैज्ञानिक वन बनाई आर्थिक स्रोत आय वृद्धि गर्ने ।
- भवन निर्माण मापदण्ड कडाईका साथ पालना गर्ने ।

### ५. कार्यनीति

- गाउँ क्षेत्रभित्र हुने बाढी पहिरो, आगलागी, भूकम्प, चटयाङ्ग वन्यजन्तु आक्रमण, आदि जस्ता प्राकृतिक विपत्तिमा तुरुन्त राहत कार्य कार्यान्वयनमा ल्याउन स्थानीय व्यवस्थापन केन्द्रलाई कृयाशिल बनाइनेछ ।

- विपद् व्यवस्थापनमा संघ, प्रदेश र स्थानीय समुदाय, संघ-संस्था तथा निजी क्षेत्रको सहयोगको समन्वय र सहकार्य गर्न पहल गरिनेछ।
- विपद्को समयमा उद्धार तथा राहत कार्यलाई प्रवाहकारी वनाउन प्रत्येक वडाहरुमा नेपाली सेना, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल, यूवा क्लब, रेडक्रस, स्काउट, क्याम्पस, विद्यालय तथा सामाजिक अभियन्ताहरु समेतको संग्लनतामा शिघ्र उद्धार स्वयंमसेवकको गठन गरिनेछ।
- सम्भावित आगलागीका घटनाहरुलाई समयमै नियन्त्रण गर्न प्रत्येक व्यापारी, सरकारी तथा निजी घरहरुमा समेत अग्नि नियन्त्रक यन्त्र राख्न अपिल गरिनेछ।
- युवाहरुलाई विपद् व्यवस्थापन गर्ने खालका तालिमहरु संचालन गरिनेछ।
- वर्षायाम पूर्व स्थानीय नदीहरुको बहाव वस्तीतर्फ प्रवेश गर्ने सम्भावनाको निरीक्षण गर्ने र समयमा नदी नियन्त्रण तटबन्धको व्यवस्था मिलाइनेछ

## ६. परिणात्मक स्थिति

विपद् व्यवस्थापनमा पुर्व तयारी तथा उत्थानशील वस्तीहरु निर्माण भएका हुनेछन्। जलवायु अनुकुलन नीति अनुसार कार्य गरिनेछ। विपदका घटनामा कमी आएको हुनेछ। जलवायु परिवर्तन सँग जुध्न सक्ने उत्थानशिल वस्तीहरुको विकासक्रममा रहनेछ।

**तालिका १६: कार्यक्रम /आयोजनाको संक्षिप्त विवरण**

| कार्यक्रम | योजना अवधिको उपलब्धी | जिम्मेवार निकाय |
|---|---|---|
| विपद् जोखिम व्यवस्थापन योजना निर्माण गर्ने। | क्षति न्यूनीकरणका लागि विपद् जोखिम व्यवस्थापन योजना निर्माण भएको हुनेछ | गापा |
| विपद् जोखिमको सामाजिक नक्शांकन गर्ने। | विपद् जोखिमको सामाजिक नंक्शांकन तयार भएको हुनेछ , | गापा |
| जोखिमयुक्त स्थानको अध्ययन तथा विकल्पको अनुसन्धान गर्ने | जोखिमयुक्त स्थानको अध्ययन तथा विकल्पको अनुसन्धान भएको हुनेछ | गापा |

**परिच्छेद सात**

# संस्थागत विकास तथा सुशासन

नेपालको संविधानले संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकारको छुट्टाछुट्टै तथा साझा अधिकारहरु बारे स्पष्ट व्यवस्था गरेको छ। शहिद लखन गाउँपालिकाको दोस्रो आवधिक योजना ( आ.व. २०८३/८४-२०८७/८८) ले पनि संस्थागत विकास तथा सुशासन क्षेत्रसंग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम बारे उल्लेख गरेको छ र यिनैका आधारमा संस्थागत विकास तथा सुशासन विषयगत क्षेत्रको मध्यमकालीन खर्च संरचना तयार पारिएको छ।

**तालिका १७: संस्थागत विकास तथा सुशासन** (रु. **करोड**)

| संस्थागत विकास तथा सुशासनका उपक्षेत्र | मध्यमकालीन बजेट प्रक्षेपण | | | तीन वर्षको जम्मा |
|---|---|---|---|---|
| | २०८३/८४ | २०८४/८५ | २०८५/८६ | |
| कानून, न्याय तथा सुशासन | १.९ | १.९ | २.० | ५.८ |
| संगठनात्मक विकास तथा मानव संसाधन | १.४ | १.४ | १.५ | ४.३ |
| स्रोत परिचालन | १.८ | १.९ | २.० | ५.७ |
| तथ्यांक प्रणाली र योजना व्यवस्थापन | १.७ | १.७ | १.८ | ५.२ |
| **कुल** | **६.८** | **७.०** | **७.२** | **२१.०** |

संस्थागत व्यवस्था तथा सुशासनका लागि आगामी तीन वर्षको लागि कुल रु. २१ करोड बजेट प्रक्षेपण गरिएको छ।

## ७.१ कानून, न्याय तथा सुशासन

### १. पृष्ठभूमि

नेपालको संविधानको धारा २१७ ले दिएको अधिकार बमोजिम स्थानीय सरकार संचालन ऐन २०७४ दफा ४७-१ र ४७-२ बमोजिम स्थानीय सरकारले न्यायीक निरुपण गर्न सक्ने व्यवस्था गरिएको छ। यो नेपालको सन्दर्भमा स्थानीय सरकारको लागि नयाँ किसिमको कार्य जिम्मेवारी हो । गाउँपालिकाबाट प्रवाह गरिने सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनताप्रति उत्तरदायी बनाउन आवस्यक छ जसले सुशासनको प्रत्याभुती गराउनेछ।

## २. समस्या तथा चुनौती

संविधान अनुसारका स्थानीय सरकारका हक अधिकारको सुची अनुसारका अवश्यक सबै कानुन बनाउन सकिएको छैन। स्थानीय तहमा ज्ञान तथा अनुभवको कमी भएको हुँदा न्यायप्रति विश्वास दिलाउनु चुनौतीपूर्ण छ।

## ३. लक्ष्य

सार्वजनिक सेवा प्रवाह निष्पक्ष, पारदर्शी तथा प्रभावकारी बनाउने।

## ४. रणनीति

स्थानीय सरकारका हक अधिकारको सूची अनुसारका कानुन बनाउने, सार्वजनिक सेवालाई दक्ष, पारदर्शी, प्रभावकारी, स्थानीय जनता प्रति उत्तरदायी बनाउने। विवादलाई मेलमिलापबाट समाधान गरिने नीति लिइने।

## ५. कार्यनीति

- कानूनी शासन र सुशासनको प्रत्यक्ष प्रत्याभूति गर्नको लागि आवश्यक पर्ने कानूनहरु द्रुत तवरबाट निर्माण गरी कार्यन्वयनमा ल्याईनेछ।
- गाउँपालिका अर्न्तगतका वडा कार्यालयहरु, विद्यालयहरु, स्वास्थ्य चौकीहरु लगायत सबै कार्यालयहरुमा अनिवार्य रुपमा विद्युतीय हाजिरी तथा सि.सि.टिभि. जडान गरी विद्युतीय शासनको अभ्यास गरिनेछ।
- सामाजिक परिक्षण सार्वजनिक सुनुवाई जस्ता कार्यक्रमहरुमार्फत् नागरिकहरुको यस गाउँपालिकाबाट हुने सेवा प्रवाहप्रतिको धारणा बुझ्ने र सेवा प्रवाहलाई परिष्कृत गर्ने व्यवस्था मिलाईनेछ।
- प्रविधिको प्रयोग तथा सूचनामा पहुँच अभिवृद्धि गर्न गाउँपालिकाका जनप्रतिनिधि, शिक्षक तथा कर्मचारीहरुलाई प्रविधिसँग सम्बन्धित तालिम तथा कार्यशाला सञ्चालन गरिनेछ।
- गाउँपालिकामा तिर्नु पर्ने करहरुलाई अनलाईन मार्फत् कर संकलन गर्ने नीति अवलम्बन गरिनेछ।
- सेवा प्रवाहका हरेक क्षेत्रमा प्रविधिको विकास तथा विस्तार गरी इ-गभर्नेन्सलाई तिव्रता दिइनेछ।
- कम्प्यूटर प्रविधि तथा इन्टरनेटमा आधारित सेवालाई अझ प्रभावकारी बनाउने नीति लिइनेछ।

- सूचना-प्रवाह गर्न तथा गाउँवासीसँग विभिन्न माध्यमबाट निरन्तर अर्न्तक्रिया गर्न सामाजिक संजालको प्रयोग गरिनेछ।
- गाउँपालिकाले प्रहाव गर्ने सबै प्रकारका सेवाहरुलाई विद्युतीय प्लेटफर्म प्रदान गर्ने गरी एकीकृत तथा अन्तर- आवद्ध प्रविधि तथा तथ्याङ्क भण्डार विकास गरिनेछ।
- गाउँलाई सुरक्षित र प्रविधियुक्त बनाउन स्थानीय प्रशासन तथा निजी क्षेत्रको सहकार्यमा गाउँका मुख्य स्थानहरुमा सि.सि. क्यामेरा जडान गरिनेछ र यसको प्रक्रिया अगाडि बढाइने छ।
- न्यायिक समितिका सदस्यहरु, सल्लाहकारहरु, मेलमिलाप सहजकर्ताहरुलाई सेवा सम्पादन सम्बन्धी तालिम प्रदान गरिनेछ। न्यायिक समितिको कार्य सम्पादन स्तरलाई सुदृढीकरण गर्न विशेष पहल गरिनेछ। न्यायिक समितिका कामकारवाहीलाई प्रविधिमैत्री तथा पारदर्शी बनाउन अनलाइन मार्फत् व्यवस्थित गरिनेछ। न्यायिक समितिले कारबाही किनारा गर्दा अपनाउनु पर्ने कार्यविधिलाई व्यवस्थित गर्न समसमायिक विधेयक बनाइनेछ।
- गाउँवासीसँग सरोकार राख्ने कार्यपालिका बैठकको निर्णय सार्वजनिक गर्ने नीति अवलम्वन गरिनेछ।
- मुद्दाको प्रकृतिको आधारमा छिटो छरितो निर्णय गर्ने र चौमासिक रुपमा प्रतिवेदन सार्वजनिक गर्ने नीति लिइनेछ।

### ६. परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

सार्वजनिक सेवा दक्ष, पारदर्शी र प्रभावकारी भएको हुनेछ। न्यायिक समितिले मेलमिलापको नीति अंगिकार गरी न्यायमा स्थानीय जनताको सुलभ पहुँच पुगेको हुनेछ। कानुनी शासन, छिटो छरितो कम खर्चिलो, न्याय प्रणालीको विकास र सुशासन कायम भएको हुनेछ।

## ७.२ संगठनात्मक विकास तथा मानव संशाधन

### १. पृष्ठभूमि

गाउँपालिकाको संस्थागत संरचनाको अभावमा पर्याप्त, दक्ष, विशिष्टीकृत ज्ञान, सिप, क्षमता र योग्यता भएको जनशक्तिको निर्माण गर्न सकिरहेको छैन। विद्यमान जनशक्तिको लागि क्षमता विकासका कार्यक्रमहरुको समेत कमी रहेको छ। गाउँपालिकाले संगठनात्मक विकास संरचना बनाई क्षमता विकास योजना बनाउन आवश्यक देखिएको छ।

## २. समस्या र चुनौती

क्षमता विकासका कार्यक्रमहरुमा पर्याप्त बजेट नहुनु तथा सुचना प्रविधिमा जनशक्तिलाई अभ्यस्त बनाउन नसक्नु जस्ता चुनौती रहेका छन् । त्यस्तै, वद्धदो जनअपेक्षा, द्रुततर रुपमा फेरिएका प्रविधि अनुसार सेवा प्रवाह गर्ने काम चुनौतीपूर्ण छ भने विश्व बजारमा उपलब्ध विभिन्न प्रविधि, सूचना प्रविधिको विकास र विस्तार गर्ने अवसर समेत हो ।

## ३. लक्ष्य

दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरिक सन्तुष्टि ।

## ४. रणनीति

- गाउँपालिकाको सेवा प्रवाहलाई छरितो र चुस्त बनाई नागरिक सन्तुष्टी बढाउने ।
- संगठनात्मक संरचना सर्वे गरी निर्धारण गर्ने ।
- क्षमता विकास योजना बनाई कार्यान्वयन गर्ने ।
- ICT based (service provide) सेवा प्रवाह गर्ने ।
- विषयगत शाखाहरुको प्रभावकारी व्यवस्थापन गर्ने ।
- सबै शाखाहरुको कार्य विभाजन गर्ने ।
- सबै कर्मचारीमा सीप दक्षता अभिवृद्धि गर्ने ।

## ५. परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

संगठनात्मक संरचना बनेको हुनेछ । क्षमता विकास योजना बनाई कार्यान्वयन भएको हुनेछ । दक्ष प्रविधि र जनशक्ति, प्रभावकारी सेवा प्रवाहबाट नागरिक सन्तुष्टिको सोच चरितार्थ हुनेछ ।

## ७.३ स्रोत परिचालन

## १. पृष्ठभूमि

गाउँपालिकाको आन्तरिक राजस्वको आकारले गाउँपालिकाको क्षमता र गाउँपालिका योजना छनौटमा कति स्वायत्त छ भन्ने कुरा देखाउँदछ । राजस्वको पर्याप्तता, लचकता, न्यायपूर्ण, स्वीकार्यता, संगतिपूर्ण, आर्थिक तथा प्रशासनीक संभाव्यता, राजनीतिक स्वीकार्यता यस गाउँपालिकाको आन्तरिक राजस्व परिचालनका मुल

नीति हुनेछ। कानूनमा उल्लेख गरिएको आधारमा लगाइने आन्तरिक राजस्वको दर निर्धारण गर्दा जनचाहना, छिमेकी, प्रदेश तथा राष्ट्रिय दरको औषतलाई आधार बनाउनु पर्छ।

## २. समस्या र चुनौती

कर मैत्री राजस्व सुधार योजना नहुनु, करदाता शिक्षा सञ्चालन नहुनु, कर छल्ने प्रवृति विकास, करदातालाई कर सहभागिता प्रक्रियामा संलग्न गराउन कठिन।

## ३. लक्ष्य

विगतमा संकलन भएको राजस्वमा वृद्धि गर्ने। गाउँपालिकालाई आत्मनिर्भर बनाउने

## ४. रणनीति

- गाउँबासीहरु करको दायराबाट कोही नछुटुन, कोही नदोहोरिउन भन्ने मान्यताका आधारमा आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका आधारहरु बढाउन अधिकतम पहल गरिनेछ।
- आन्तरिक राजस्व परिचालनलाई प्रभावकारी बनाउन राजस्वका दरहरुलाई जनभावना अनुसार आवश्यक समायोजन गरिनेछ।
- संघ र प्रदेशबाट प्राप्त हुने अनुदान रकम बढी भन्दा बढी लिनका लागि अनुदानका मापदण्ड पूरा गर्न अधिकतम पहल गरिनेछ।
- गाउँपलिका भित्र आर्थिक कृयाकलाप बढाउन सहयोग पुग्ने प्राथमिकता प्राप्त आयोजना कार्यान्वयन गर्न आबश्यक पर्ने स्रोतको खोजी गरिने छ।

## ५. परिणात्मक स्थिति तथा अपेक्षित उपलब्धि

विगतमा संकलन भएको राजस्वमा उल्लेख्य वृद्धि भएको हुनेछ। स्रोतहरुको खोजी र स्रोतको कुशल परिचालन गरिएको हुनेछ। प्रशासनिक खर्च आन्तरिक स्रोतवाट प्रर्याप्त भई पुँजीगतमा समेत योगदान दिनेछ।

## ७.४ तथ्यांक प्रणाली र योजना व्यवस्थापन

### १. पृष्ठभूमि

समय सापेक्ष तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन सकेको छैन । आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिलाइनु पर्दछ । योजनाहरुको कार्यान्वयन स्थिति, गाउँपालिकाबाट हुने सेवा प्रवाह सम्बन्धमा पनि सर्वसाधरणले थाहा पाउने गरी सूचना प्रवाह गर्न प्रभावकारी सूचना प्रविधि हुन आबश्यक छ । गाउँपालिकाले कानून अनुसार काम गर्न प्रशासन व्यवस्थालाई सूचना प्रविधि मैत्री बनाउनु आवश्यक हुन्छ ।

### २. समस्या र चुनौती

- तथ्यांक नीति, पर्याप्त जनशक्ति, ज्ञान, प्रविधि, स्रोत साधन, संरचना, पर्याप्त अध्ययनको अभावका कारणले तथ्यांक अध्यावधिक हुन नसक्नु ।
- आवधिक योजनामा समावेश गरिएका आयोजनाहरुलाई संस्थागत रुपमा अद्यावधिक गरी कार्यान्वयनको लागि आवश्यक व्यवस्था मिल्न नसक्नु ।

### ३. लक्ष्य

आवधिक योजनाको उद्देश्य अनुरुप कार्यगर्ने ।

### ४. रणनीति

आवधिक योजनाको लक्ष्य अनुसार कार्यान्वयन गर्ने । मध्यमकालिन खर्च संरचना बनाई बजेट कार्यन्वयन गर्ने । सुचना प्रविधिको व्यापक प्रयोगबाट तथ्याङ्क व्यवस्थापन तथा क्रमिक अध्यावधिक गर्ने ।

### ५. परिमाणात्मक स्थिति

दोस्रो आवधिक योजनाले लिएको लक्ष्य हासिल गरिने छ । गाउँ सुचना केन्द्र तथा स्रोत केन्द्रको व्यवस्था हुनेछ ।

### ६. अपेक्षित उपलब्धि

योजनाबद्ध गाउँको विकास हुनेछ ।

**तालिका १८: प्रमूख कार्यक्रम**

| कार्यक्रम | योजना अवधिको लक्ष्य | जिम्मेवार निकाय |
|---|---|---|
| तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापन सम्वन्धी कार्ययोजना निर्माण | तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापन सम्वन्धी कार्ययोजना तयार भएको हुनेछ। | गापा |
| तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि दक्षता अभिवृद्धि तालिम | तथ्यांक संकलन, प्रशोधन र व्यवस्थापनका लागि वार्षिकरुपमा तालिम सञ्चालन गर्ने | गापा |
| विषयगत शाखासँग सहकार्य गरी तथ्यांक संकलन | गाउँपालिकाको अद्यावधिक तथ्यांक हुनेछ | सबै शाखा |

## परिच्छेद आठ

# अनुगमन तथा मूल्याङ्कन

शहिद लखन गाउँपालिकाको आवधिक योजनाले तय गरेको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कन सँग सम्बन्धीत सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति र कार्यक्रम तथा आयोजनाहरुको आधारमा योजना कार्यान्वयन र अनुगमन तथा मूल्यांकनको मध्यमकालीन अनुगमन प्रणाली तयार पारिएको छ।

प्रत्येक कार्यक्रमको अनुगमन गर्ने निकाय, अनुगमन विधि र अनुगमनको पटक आदि खुलाइएको अनुगमन तालिका तल दिइएको छ।

**तालिका १९: आर्थिक विकास**

| कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| बाली प्रवर्द्धन कार्यक्रम | गापा | १,३,४,५,६,७ | ४ पटक | गापा | कृविशा |
| कृषि पूर्वाधार | गापा | ३,४ | ४ पटक | गापा | गापा |
| बजार व्यवस्थापन कार्यक्रम | कृषि शाखा | १, ३,७ | २ पटक | कृषि शाखा | गापा |
| पशुपंक्षी स्वास्थ्य तथा नश्ल सुधार कार्यक्रम | कृषि शाखा | १,३, ७ | २ पटक | कृषि शाखा | गापा |
| पर्यटन विकास कार्यक्रम | गापा | १,२ | २ पटक | गापा | गापा |
| सिंचाइ | गापा | १,३,६,७ | २ पटक | गापा | गापा |
| सहकारी | गापा | १,२,३,६ | २ पटक | सहकारी शाखा | सहकारी शाखा |

अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका

## ८.१ सामाजिक क्षेत्र

### ८.१.१ शिक्षा तथा खेलकुद

**तालिका २०: शिक्षा तथा खेलकुद**

| कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| शैक्षिक जनशक्ति क्षमता अभिवृद्धि कार्यक्रम | गापा, शि.शा | १,३,५ | ३ पटक | गापा, शि.शा | शि.शाखा |
| अनौपचारीक शिक्षा तथा अभिभावक शिक्षा कार्यक्रम | गापा | २,३,५ | ३ पटक | गापा, शि.शा | शि.शाखा |
| खाजा कार्यक्रम | गापा | ३,७,६ | ३ पटक | गापा, शि.शा | शि.शाखा |
| विद्यालय आइसिटि पूर्वाधार निर्माण | गापा, शि.शा | १,३,४,५ | २ पटक | गापा, शि.शा | शि.शाखा |
| शिक्षण सामग्री वितरण | गापा | २,५,६ | २ पटक | गापा, शि.शा | शि.शाखा |
| खेल संचालन | गापा | १, ३ | २ पटक | गापा, शि.शा | शि.शाखा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका | | | | | |

### ८.१.२ स्वास्थ्य

**तालिका २१: स्वास्थ्य**

| कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| घरमा शून्य सुत्केरी | गापा, स्वास्थ्य शाखा | ३, ५, ६ | ३ | गापा | स्वास्थ्य शाख |
| प्रजनन्स्वास्थ्य कार्यक्रम | गापा, स्वास्थ्य शाखा | ३, ५, ६ | ३ | गापा | स्वास्थ्य शाख |
| पोषण विशेष कार्यक्रम | गापा | १,३,४,५ | ३ | गापा | स्वास्थ्य शाखा |
| किशोर किशोरी विशेष | गापा,शिक्षा/स्वास्थ्य | १,३,४,५ | ३ | गापा | स्वास्थ्य शाखा |
| औजार, औषधि उपकरणको व्यवस्थापन | गापा,शिक्षा/स्वास्थ्य | १,३,२ | २ | गापा | स्वास्थ्य शाखा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका | | | | | |

**तालिका २२: खानेपानी तथा सरसफाई**

| कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| स्वच्छ खानेपानी कार्यक्रम | गापा | २,३,५ | ३ पटक | गापा | खापा शाखा |
| फोहोरमैला व्यवस्थापन कार्यक्रम | गापा | ३,७ | ४ पटक | गापा | खापा शाखा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका | | | | | |

## ८.२ भौतिक पूर्वाधार

**तालिका २३: भौतिक पूर्वाधार**

| कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| सडक निर्माण तथा मर्मत | गापा | ३,४,७ | ४ | गापा | गापा सडक शाखा |
| सिँचाइ | गापा | ३,४,७ | ४ | गापा | सिँचाइ कार्यालय |
| वैकल्पिक ऊर्जा | गापा | ३,४,७ | ४ | गापा | गापा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका | | | | | |

## ८.३ वन वातावरण तथा विपद् व्यवस्थापन

**तालिका २४: वन वातावरण तथा विपद् व्यवस्थापन**

| कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक (वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| जैवीक विविधताको संरक्षण | गापा | ३,४,७ | २ पटक | गापा | गापा |
| जलाधार संरक्षण | जिसस, गापा | ३,४,७ | २ पटक | गापा | गापा |
| जलवायु परिवर्तन | जिसस, गापा | ३,४,७ | १ पटक | गापा | गापा |
| जल उत्पन्न प्रकोप | गापा | ३,४,७ | | | |
| विपद्व्यवस्थापन | गापा | ३,४,७ | ४ पटक | गापा | गापा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका | | | | | |

## ८.४ संस्थागत विकास तथा सुशासन

**तालिका २५: संस्थागत विकास तथा सुशासन**

| कार्यक्रम | अनुगमन गर्ने निकाय | अनुगमन विधि | अनुगमन पटक ( वार्षिक) | प्रतिवेदन पेश हुने निकाय | प्रतिवेदन कार्यान्वयन गर्ने निकाय |
|---|---|---|---|---|---|
| संस्थागत क्षमता विकास | गापा | ३, ४,७ | १ पटक | गापा | क्षमता विकास शाखा |
| सूचना प्रविधि | गापा | ३, ४,७ | १ पटक | गापा | सुचना प्रविधि शाखा |
| लेखांकन | गापा | ३, ४,७ | १ पटक | गापा | आर्थिक प्रशासन, योजना शाखा |
| राजस्व | गापा | ३,४,७ | १ पटक | गापा | राजश्व शाखा |
| अनुगमन विधिहरु : १ बैठक, २ अन्तरक्रिया, ३ स्थलगत निरीक्षण, ४ प्राविधिक परीक्षण प्रतिवेदन, ५ अभिलेख अवलोकन, ६ समीक्षा गोष्ठी, ७ खर्चको विवरण, गापाः गाउँपालिका | | | | | |

# शहिद लखन गाउँपालिका

गोरखा